

## सम्पादकीय



# शीतलहरको कहर

हरेक वर्षजस्तै यस वर्ष पनि शीतलहरको प्रकोपबाट सम्पूर्ण मधेश फेरि एक पटक आक्रान्त बनेको छ । चिसो बढेसँगै पूर्वी, मध्य तराई र सुदूरपश्चिमका जिल्लाहरूमा शीतलहरले जनजीवन प्रभावित भएको छ । चिसो हावाको सिरेटोसँगै परेको शीतबाट सिरहा, सप्तरी, सुनसरी, धनुषा, उदयपुर, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरीलगायत जिल्लाको जनजीवन अत्यन्त कष्टकर बनेको छ । शीतलहरका कारण विपन्न समुदायका वृद्धवृद्धा र बालबालिका बढी प्रभावित बनेका छन् । न्यानो ओत र लत्ताकपडाको अभावमा विभिन्न उनीहरू कठ्यांग्रिएर जिउन बाध्य छन् भने कतिपयको मृत्यु पनि भएको छ । गतिलो गाँस, बास र कपासविना मजदुरी गरेरै जीवन निर्वाह गर्नुपर्ने वर्गलाई शीतलहरले नराम्ररी प्रभावित बनाएको छ ।

शीतलहरबाट जहाँ गरीब एवं असहाय अत्यधिक पीडित हुन्छन् भने सम्पन्न परिवारका बालबालिका अनि वृद्धवृद्धा पनि त्यत्तिकै प्रभावित हुन्छन् । चिसो र गर्मीबाट धेरैको मृत्यु हुने गरेको छ तर हाम्रोजस्तो गरीब देशमा मृत्युको कारण पहिचान हुन नसकेपछि गर्मीमा मरेपछि 'लु' र जाडोमा मरेपछि शीतलहरको दोष लगाएर पन्छिने परम्परा छ । वास्तवमा शीतलहरले भन्दा न्यानो लुगाको अभावमा मानिसको मृत्यु हुने गरेको वास्तविकतालाई हामी बिर्सिन्छौं । चिसो लाग्नासाथ एकसरो पातलो खालको लुगामा दिन काट्नेहरूको पीडालाई नबुझेर, शीतलहरले मृत्यु भयो भन्नु मानवीय संवेदनहीनताको पराकाष्ठा हो ।

वास्तवमा शीतलहरले भन्दा न्यानो लुगाको अभावमा मानिसको मृत्यु हुने गरेको वास्तविकतालाई हामी बिर्सिन्छौं । चिसो लाग्नासाथ एकसरो पातलो खालको लुगामा दिन काट्नेहरूको पीडालाई नबुझेर, शीतलहरले मृत्यु भयो भन्नु मानवीय संवेदनहीनताको पराकाष्ठा हो ।

शीतलहरका कारण यस वर्ष सबैभन्दा बढी सप्तरीमा मात्रै अहिलेसम्म ५० भन्दा बढीको मृत्यु भइसकेको छ । यस्तै, अन्य जिल्लाहरूमा पनि शीतलहरको प्रकोपबाट ज्यान गुमाउनेको संख्या अधिक छ । बाक्लो हुस्सुसँगै शीतलहर चलेपछि न्यानो लुगा नहुनेहरू मृत्युको सिकार भइरहेका छन् । शीतलहरकै कारण कमजोर आर्थिक अवस्था भएका बस्तीमा वृद्धवृद्धा, बालबालिका तथा महिलाको बिचल्ली हुँदै आए पनि सरोकारवालाले चासो नदेखाउँदा चिसोले कठ्यांग्रिएर अकालमै मर्नुपर्ने बाध्यता छ । देशमा शीतलहर पीडितका लागि विशेष कार्यक्रम सञ्चालन भएको इतिहास छैन । जसका कारण गरिब तथा विपन्न समुदायका वृद्धवृद्धाहरू पीडित भइरहेका छन् ।

खासगरी मधेशका मुसहर, डोम, बाँतर, दुसाध, माझी समुदाय शीतलहरका कारण बिचल्लीमा परेका छन् । विपन्न समुदायका बस्तीमा परालको भरमा रात काट्नुपर्ने बाध्यता विद्यमान छ । विगतका वर्षहरूमा सरकारी निकायबाट सार्वजनिक स्थलमा जाडो छल्नका लागि आगो ताप्ने व्यवस्था गरिए पनि प्रभावित क्षेत्रमा सचेतना अभियान सञ्चालन गरेर शीतलहरको क्षतिबाट जोगाउने उपायको खोजी नगरिँदा बर्सेनी अकालमा ज्यान गुमाउनेको संख्या थपिँदै गएको छ ।

सरकारले शीतलहरबाट प्रभावितका लागि गाउँगाउँमा स्वास्थ्य केन्द्रमार्फत शिविर सञ्चालन गरी विरामीको उपचारको व्यवस्था मिलाउनुपर्छ । यस्तै, विपन्न बस्तीहरूमा न्यानो लुगाका साथै शीतलहरबाट सुरक्षित हुन आवश्यक पर्ने सामग्री वितरण गरिनुपर्छ । सार्वजनिक स्थलहरूमा दाउरा बाल्ने प्रबन्धसहित सतर्कता अपनाउन सके चिसोका कारण मृत्यु हुने नियतिलाई न्यूनीकरण गर्न सकिन्छ । अत्यधिक चिसो भएर शीतलहर बढेपछि स्थानीय तहमा नगरपालिका र जिल्ला विकास समितिले चोकमा आगो बालेर राहत प्रदान गर्ने काम गर्छन् तर अहिले यसको व्यवस्था गरिएको छैन ।

शीतलहरलाई दैवी प्रकोपको रूपमा लिने गरिएको छ । तराईमा शीतलहर बढेपछि सरकारीस्तरमा यो प्रकोपविरूद्धको अभियान सञ्चालन हुने गर्छ तर लक्षित वर्गसम्म राहतको प्याकेज पुग्छ पुग्दैन त्यसको निगरानी, अनुगमन हुँदैन ।

सरकारले दैवी प्रकोपको बेला विशेष राहत प्याकेज उपलब्ध गराउनुपर्छ भनी मधेशी नेताहरूले स्थानीय प्रशासनमार्फत् अनि सांसदले संसदमा आवाज उठाएको पाइन्न । जसले गर्दा सरकारले जे पठायो त्यसैमा सन्तोष गर्नुको विकल्प छैन । नागरिक अधिकारबाट वञ्चित नगरिएको तथ्याङ्कमा हामी अङ्कित भए पनि पाउनुपर्ने अधिकारबाट भने अहिलेसम्म वञ्चित हुँदै आएका छौं ।

## साताको सात बात



पार्टी एकीकरणका लागि गृहकार्य अलिक पुगेन, पार्टी एकतामा कुनै विवाद र विमति छैन, वैचारिक र संगठनात्मक विषयमा सहमति खोज्न दुई अध्यक्षबीच छलफल हुन्छ र त्यसपछि मात्रै कार्यदल गठन हुन्छ । **माधव कुमार नेपाल, वरिष्ठ नेता, नेकपा एमाले**



हामीले सत्ताभन्दा मुद्दालाइ प्राथमिकतामा राखेका छौं । एमाले, माओवादी र कांग्रेस सहमत नहुन्नजेल संविधान संशोधन सहज रूपमा हुने सम्भावना छैन । **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



शीतलहरले मधेश धेरै प्रभावित बनेको छ । दर्जनौ मानिसले ज्यान गुमाउनुपर्ने अवस्था आउनु दुर्भाग्य हो । हामीले सरकारलाई पटकपटक ध्यानाकर्षण गराएका छौं । **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



संघीय समाजावादी फोरमसँग पार्टी एकता हुनसक्यो भने एकीकृत पार्टीले प्रदेश नम्बर २ मा सरकार निर्माण गर्ने र केन्द्रमा संविधान संशोधनको लागि दवाब सिर्जना गर्ने हाम्रो मुख्य एजेण्डा रहेको छ । **अनिल झा, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



ताजा जनादेश आईसकेपछि पनि वर्तमान सरकारले सत्ता लम्ब्याउन खोज्नु विडम्बना हो । बामगठबन्धन टुटनउज देशी विदेशी शक्ति लागिपरेको भएपनि अबका दिनमा एमाले र माओवादी केन्द्र पार्टी एकीकरणबाट पछि फर्कन सक्दैन । **शेरधन राई, नेता, नेकपा एमाले**



प्रदेशसभामा विजयी सदस्यले आफ्नै प्रदेशमा शपथ खान्छन् प्रदेशभन्दा बाहिर गएर शपथ खाँदैनन् । संघीयता असफल बनाउन चालिएको सरकारी कदम बहिष्कार गर्छौं । **जितेन्द्र सोनल, नेता, राजपा नेपाल**



संविधान जारी भएपछि एमालेसँग सहकार्य तोड्नु कांग्रेसको भूल भयो, त्यसको मूल्य हामी चुकाउँदैछौं अहिले सरकार चलाउने जनादेश प्राप्त पार्टी नेकपा एमाले र त्यस पार्टीका अध्यक्ष केपी शर्मा ओली नै हुन् । **गुरूराज घिमिरे, केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

*प्रस्तुती : संगीता रेग्मी*

# नेपालभित्र हराएको मधेश : एक चर्चा

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३९६



❖ उपेन्द्र झा

मधेशको इच्छा विपरीत ल्याइएको भनिएको कालो संविधानको विरोध गर्न मनाईएको कालो दिवसमा दर्जनौं मधेशीहरूको बलि दिएर यही संविधानलाई ढोग्न पुगेका छन् । आत्मसमर्पण गरि सकेको अवस्थामा फर्किएको सालमा यिनले कालो दिवस मनाउने अब नैतिक दायित्व सम्झेन ।

एउटा फरक संस्कृति तर भिन्न भिन्न पहिचान बोकेका मेचीदेखि महाकालीसम्म समथर भूभागमा बस्ने जातीय समूह जसलाई नेपालका शासकहरूले मधेशी तथा भूभागलाई मधेश भन्दै आए, ०६३ सालको माघे विद्रोह पछि मधेशीलाई नेपाली तथा समथर क्षेत्रलाई तराई भन्न थाले । लिखितममा यी कुराहरू समावेश भएपनि मानसिक रूपमा मधेश र मधेशी सधैं जीवित रहने शासकीय मनोवृतिमा भने किञ्चित परिवर्तन देखिएको छैन । नेपालका शासकहरूद्वारा सम्बोधित मधेश र मधेशी अमिट रूपमा बसेको शासकीय संस्कार शताब्दियौंदेखिको अभ्यासको प्रतिफल हो । यहींबाट मधेश र मधेशीलाई गरिएको भेदभावको बीजारोपण शुरू भएको हो ।

मधेशीहरू (नभागेर आएका, नभागेर गएका) परापूर्वकालदेखि अविच्छिन्न रूपमा आफ्नो भूभागमा बसि रहेका कारण नै आफूलाई धरतीपुत्र भनेका हुन् । राजनीतिक सीमाको फेरबदलसंग खासै सम्बन्ध नराखेको, आफ्नै जीवनशैली अनुसार मर्ने बाँच्ने परम्परामा रमाएका मधेशीहरू शताब्दियौं पछि बञ्चितीकरणप्रतिको चेतना प्राप्त गऱ्यो । पूर्व मेचीदेखि महाकालीसम्म जातीय समूहलाई मधेशी भन्ने अमिट रूपमा रहेको शासकीय परम्परा ०६३ को माघे विद्रोहपछि टुट्यो । मधेशलाई तराई भन्ने मधेशीलाई नेपाली भन्न थाल्दा व्यवहारमा केही परिवर्तन त देखियो तर मानसिकतामा खासै अन्तर देखिएन । शासकले मधेशलाई तराई भन्ने, मधेशी विदेशी हो भनेर थारूलाई मधेश विरूद्ध उचालेका कारण मधेशकै राजनीतिक अगुवाहरूमा मधेशलाई तराई भन्ने कि मधेश भन्ने ठूलो कन्फ्युजन शुरू भयो । एक दशकको लामो संघर्षपछि पनि मधेशका राजनीतिक अगुवाहरूले समाधान खोज्न नसकेर तराई मधेशको प्रयोग गर्न नै छाडि दिए । ०६३ माघे विद्रोह पछि अभ्यासमा रहेका मधेशका राजनीतिक दलहरू मधेशी जनअधिकार फोरम नेपाल, मधेशी जनअधिकार फोरम (मधेश), मधेशी जनअधिकार फोरम ( लोकतान्त्रिक), मधेशी जन अधिकार फोरम (गणतान्त्रिक), तराई मधेश लोकतान्त्रिक पार्टी, तराई मधेश सद्भावना पार्टी, राष्ट्रिय मधेश समाजवादी पार्टी, तराई मधेश फोरम आदि जहाँ मधेशी भन्न र लेख्न रूचाउँथे, शासकले ल्याएको कन्फ्युजनलाई अगुवाहरूले निवारण गर्न सकेन र मधेशको पहिचान कायम गर्न दिनरात सपथ लिने नेताहरूले राज्य समक्ष आत्मसमर्पण गरे जस्तै यो बिषयलाई (तराई भन्ने कि मधेश) नै त्यागि दिए । आज मधेशको नाम राखेर एउटा पनि पार्टी संचालनमा छैन । यो बिषयलाई आत्मसमर्पण भन्ने कि मधेशको विकास ?

बर्बर सामन्ती युगदेखि मधेशप्रति शुरू भएको भेदभाव जब प्रजातान्त्रिक आन्दोलनपछिका लोकतान्त्रिक सरकारमा पनि निरन्तरता पायो त्यसपछि मधेशले आफ्नै धरातलबाट अधिकारका लागि विद्रोह गरेको हो । राज्यमा समानताको हक प्राप्त गर्न मधेशले "समग्र मधेश एक प्रदेश" को संघीय अवधारणा ल्याएको थियो । आफ्नो पहिचान कायम गर्न सयकडौं मधेशका वीर सपूतहरू शहादत दिए । सयकडौं अपाङ्ग बने, हजारौं घाईते अहिले पनि शारीरिक तथा मानसिक रूपमा उपचाररत छन् । तर मधेशलाई एक प्रदेश दिन शासकहरूले मानेन । बरू संघीय संरचनाको पासोमा मधेशलाई बाँधेर राखी दिए । ७ प्रदेशको संघीय संरचनाले मधेशलाई ६ टुक्रा पारेर मधेशलाई कंगाल मात्र बनाएन, आफ्नो वर्चस्वको गुलाम पनि बनाएको छ । सप्तरीदेखि पर्सासम्म ८ जिल्लालाई मात्र मधेश भन्न लगाएर बाँकी जिल्लालाई मधेश भन्न नपाईने गरि एक प्रकारको प्रतिबन्ध नै लगाएको छ । प्रदेश नं. २ मा पनि निर्वाध सरकार चलाउन नदिन अनेक छिद्र बनाएर यो प्रदेश बनाएको हो । यस्तो संघीय संरचना लिएर मधेशले के गर्ने । उसैको डोको उसैको टाउकोमा ठोको भने झैं संघीयतालाई नै मधेशको पतनको कारण बनाई दिएको छ । यथास्थितिलाई स्वीकार गरेपछि मात्र राजनीतिक प्रतिष्ठा कायम भएकोले यसलाई गुमाउन कोही चाहँदैन । अवसरवादीहरू संघर्ष गर्दैनन् । जनअधिकारका लागि संघर्षको थालनी क्रान्तिकारी वर्गले गर्छन । अवसरवादीहरू यसलाई मलजल गरेर आफ्नो अनुकूल बनाउन खोज्छ । भएको पनि त्यसै हो । मधेश आन्दोलनको शुरूवातसंगै अवसरवादीहरू चारैतिरबाट आएर पार्टीलाई कब्जा गरि आफ्नो अनुकूल चलाउँदै जाँदा यसको क्रान्तिकारी छवि समाप्त भयो र यसले अवसरवादीहरूको स्वार्थ पूरा गर्ने थलो बन्यो । फलतः जन सरोकारको विषयबाट च्यूत भई यथास्थितिको भडखालोमा जाकिन पुग्यो ।

जन साँख्यिकीको आधारमा नेपालमा दुई राष्ट्रको व्याख्या गर्ने मधेशका अगुवाहरू राज्यसंग वार्गेनिङबाहेक यसलाई आन्दोलनको बिषय बनाउन छाडेका छन् । मधेशको अधिकार लिन क्षेत्रीय पार्टीको रूपमा पहिचान बनेकोले मधेशमा काम गर्ने पार्टीहरूलाई सुहाएन । राष्ट्रिय पहिचान कायम गर्न यिनले क्षेत्रीय अवधारणा नै छोडे । अर्थात् मधेशप्रति राज्यले गरेको भेदभावको अन्त भएको संसफो र राजपाले स्वीकार गरि सकेका छन् । मधेशको इच्छा विपरित ल्याईएको भनिएको कालो संविधानको विरोध गर्न मनाईएको कालो दिवसमा दर्जनौं मधेशीहरूको बलि दिएर यही संविधानलाई ढोग्न पुगेका छन् । आत्मसमर्पण गरि सकेको अवस्थामा फर्किएको सालमा यिनले कालो दिवस मनाउने अब नैतिक दायित्व सम्झेन । कदम कदम पछाडि धकेल्ने राज्यको प्रयासले पराजय भोगेका मधेशका लागि काम गर्ने राजनीतिक दलहरू मधेशप्रतिको चिन्तन छाडेर विस्तारै आफ्नो अस्तित्व कसरी जोगाउने भन्ने बिषयतिर लागे । चुनाव बहिष्कार गर्ने दलहरू कसरी चुनावमा भाग लिएर अहिले प्रदेश सरकार बनाउन अगाडि देखिएका छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय दबावका बाबजूद चुनावमा भाग लिएर आत्मघाती निर्णय नगर्ने व्यक्तिहरू कसरी चुनावमा भाग लिए ? नैतिकहीनताको खस्केको धरातलमा उभिएर फेरि आन्दोलनको कुरा गर्ने यी राजनीतिक खेलाडीहरूलाई के भन्ने ।

"फुटाएर शासन गर्ने" राज्यको रणनीति अहिले मधेशलाई ६ भागमा बाँडेर संघीय संरचनाको नयाँ संस्करणमा ल्याएको छ । मधेशलाई ६ भागमा विभक्त गरि मधेशका राजनीतिक दलहरूलाई धरातलैबाट अलग्याउने, छोटो बनाउने जुन प्रयासहरू भए त्यसको विरूद्ध उभिनु पर्ने पार्टीहरू त्वम् शरणम्को जाप गरेर राज्यभक्ति कै कित्तामा उभिएका छन् । अर्थात् यथास्थितिवादी विचारको भासमा पुगेका छन् । के यथास्थितिवाद नै मधेशी समस्याको समाधान हो त ? कदापि होईन । अनुत्तरित सवाल जहिले पनि उत्तर पाउने आशमा गतिशील रहन्छ । आत्मसमर्पण गरि बसेका मधेशका दलहरूले मधेशको मुद्दा उचालेर वार्गेनिङबाहेक अधिकार दिलाउने आन्दोलनसम्म अब जाने आँट गर्न सक्दैन ।

कुनैबेला आफ्नै धरातलबाट आन्दोलन गर्ने भनेर अन्यान्य पार्टीमा रहेका मधेशीहरू लामो योगदानलाई बिर्सेर पनि मधेशको अधिकार दिलाउन लाम लागेका थिए । राज्य षडयन्त्र तथा मधेशी नेताहरूको रवैया देखेर आएकाहरू त मातृपार्टीमा फर्के नै, प्रतिनिधी सभाको चुनाव तथा प्रदेश सभाको चुनावताका जनाधार भएका धेरै मधेशी लीडरहरू एमाले, माओवादी केन्द्र र नेपाली काँग्रेसमा प्रवेश गरेर जीतेका पनि छन् । मधेशीहरू पलायनको यो दृश्यले त मधेश आन्दोलन नै समाप्त भएको जस्तो लाग्छ । तर त्यसो होईन, आन्दोलनका कुनै लक्षण देखा नपरेपनि विभेदका अन्तर्विरोधहरू शासकीय मनोवृतिमा चर्को रूपमा जीवित रहेका कारण तथा मधेशीहरूको मनमा पनि भेदभावप्रति अतिशय घृणा रहेका कारण आन्दोलन ज्वालामुखीको रूपमा सुसुप्तावस्थामा विद्यमान रहेको प्रष्ट छ । विगतमा एमाले सरकारले गरेको मधेशप्रतिको अपमानजनक व्यवहारले राज्य र मधेशबीच कोरी दिएको विभाजन रेखा यति छिटो मेटिनेवाला छैन । चर्को रूपमा रहेको अन्तर्विरोधका गीतहरू गाउन न राज्यले छोडेको छ न मधेशले । अहिलेसम्म सयकडौं शहादत दिई सकेको मधेशका वीर सपूतहरू राज्यद्वारा कसरी मारिए, मधेशले बिर्सेको छैन । मधेश आन्दोलनलाई जति निर्ममतापूर्वक दबाईएको हो यसले मधेशको युवामा मुक्ति आन्दोलनप्रतिको सम्बन्ध अझ प्रगाढ बनाई दिएको छ । बलिदानी संघर्षलाई पुनश्च संगठित पारि अगाडि बढाउन जनचेतना बढाई दिएको छ । राज्यसत्तामा समान हैसियतको अधिकार लिन मधेश अब किञ्चित पनि पछि नहट्ने जिद्द लिई सकेको छ ।

संघीय संरचनाको विविध प्रक्रिया अगाडि बढि सकेको छ । नेपाली काँग्रेसको सरकारले राष्ट्रिय सभाको गठन सम्बन्धी बाँकी जिम्मेवारी पूरा गरि सरकार छाड्ने बचनबद्धता निर्वाह गर्ला । केन्द्रीय सरकार बनाउन अग्राधिकार पाई सकेको बामगठबन्धन व्यग्रतापूर्ण प्रतीक्षा गरि रहेका छन् । त्यस्तै समथरको २२ जिल्ला मधेशको पहिचान कायम रहेकोलाई ८ जिल्लामा सिमित गरि दिएकोले संसफो र राजपा प्रदेश नं.२मा सरकार बनाउन उल्लेख्य सीट हासिल गरेका कारण सन्तुष्ट देखिएका छन् । आफूलाई संकुचित गरि दिएको कुरालाई बिर्सेर सरकार बनाउने अवसरको प्रतीक्षामा रमाई बसेका छन् ।

सरकार बनाउन वामगठबन्धनको अग्राधिकार डेमोक्रेटिक पावर सेन्टरलाई पाच्य भई रहेको छैन । अनेक असफल प्रयासमा लागेका कूटनीतिक नियोगका प्रमुखहरू बामगठबन्धनको मजबूत सम्बन्धलाई तोड्न सकि रहेको छैन । वामगठवन्धनले यसलाई अझ ठोस रूप दिन पार्टी एकीकरणको दिशामा बहस छलफल थालेको छ । एमाले र माओवादी केन्द्रको पार्टी एकीकरणको दिशा प्रष्ट भई सकेका कारण निकट भविष्यमा नै एकता हुने सम्भावना प्रवल देखिएको छ । कुनै तीब्र प्रहार भएन भने बामगठबन्धनले स्थिर सरकार दिनेमा किञ्चित शंका छैन । स्थिर सरकारका साथै विकासका एजेण्डा अघि सारेर जनविश्वास आर्जन गर्ने लक्ष्य लिएर सरकार अगाडि बढ्ने छ । त्यसपछि यो सरकारलाई ढाल्ने अनधिकृत प्रयास नै कहलिने छ र त्यो जनतालाई पनि मान्य नहुने प्रष्ट छ ।

*क्रमशः*

janukjha24@gmail.com

# सयौं विद्यार्थी युवा फोरममा प्रवेश

काठमाडौं । विभिन्न पार्टी परित्याग गरी करिब दुई सय विद्यार्थी तथा युवाहरू संघीय समाजवादी फोरम नेपालको भ्रातृ संगठन समाजवादी विद्यार्थी फोरम नेपालमा प्रवेश गरेका छन् ।

समाजवादी विद्यार्थी फोरम केन्द्रीय कार्यालयले शुक्रबार मधेश मिडिया हाउसमा आयोजना गरेको बृहत पार्टी प्रवेश कार्यक्रममा राप्रपा प्रजातान्त्रिक विदार्थी संगठनका केन्द्रीय उपाध्यक्ष श्याम यादवको नेतृत्वमा कांग्रेस, एमालेसहितका दलबाट दुईभन्दा बढी विद्यार्थी तथा युवाहरू फोरम प्रवेश गरेका हुन् ।

बृहत् पार्टी प्रवेश कार्यक्रममा केशव विक्रम खड्का, विवेक वैश्य, अभिनाश यादव, शेषअलि रेन, सुरेश ठाकुर, शत्रुधन यादव, प्रभाकर मण्डल, सौजन कार्की लगायत सयौंले समाजवादी विद्यार्थी फोरमको सदस्यता ग्रहण गरेका छन् । नवप्रवेशहरू अधिकांश ल' का विद्यार्थीहरू रहेका छन् । नवप्रवेश युवा तथा विद्यार्थीहरूलाई संघीय फोरम नेपालका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले अबीर लगाएर स्वागत गरेका छन् ।

### केपी ओली संविधानको बन्दी भएका छन् : श्रेष्ठ

संघीय समाजवादी फोरम नेपालका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले अबको नेपालको प्रधानमन्त्री बन्ने महत्वाकांक्षा राखेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली संविधानको बन्दी भएको टिप्पणी गरेका छन् ।

समाजवादी विद्यार्थी फोरम नेपालले शुक्रबार मधेश मिडिया हाउसमा आयोजना गरेको बृहत् पार्टी प्रवेश कार्यक्रममा प्रमुख अतिथिको रूपमा मन्तव्य व्यक्त गर्दै उनले यस्तो टिप्पणी गरेका छन् ।

'प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसक्दा पनि सत्ता हस्तान्तरण गर्ने आधार बनिसकेको छैन' उनले भने, जबर्जस्ती जारी गरिएको संविधानलाई कांग्रेस, एमाले र माओवादीद्वारा विश्वकै उत्कृष्ट भनेर हल्ला गरेपनि यसले मुलुकमा अस्थिरता मात्र बढाएको छ ।'

श्रेष्ठले भने, 'केपी ओली प्रधानमन्त्री बन्नका लागि संसदीय दलका नेताका नेता बन्नुपर्छ, संसदीय दलका नेता बन्नका लागि संघीय संसद चाहिन्छ, संघीय संसदीय दल कसरी बन्छ छ त भन्दाखेरि राष्ट्रियसभाको चुनाव हुनुपर्छ ।' उनले अघि थपे, 'यस्ता कानूनहरूले कसले लेखेका छन् भनेपछि तिनै दलका नेताहरूले ।

कार्यक्रममा फोरम नेपालका प्रदेशसभामा प्रत्यक्ष निर्वाचित सांसद विजय यादव, समाजवादी विद्यार्थी फोरमका केन्द्रीय अध्यक्ष विवेक राई लगायतले आआफ्नो मन्तव्य व्यक्त गरेका थिए ।

# राजपाले यथास्थितिमा वाम गठबन्धनलाई समर्थन गर्दैन

राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका सदस्य अनिल कुमार झा हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रौतहट निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित भएका हुन् । यसअघि नेपाल सद्भावना पार्टीका अध्यक्ष रहेका झा डा.बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा उद्योगमन्त्री भइसकेका छन् । बुवा प्रेम नारायण झा तथा आमा कौशल्यदेवी झाको कोखबाट भगवती गाउँपालिका–१ मत्सरी रौतहटमा जन्मेका झा २०४५ सालमा सद्भावना पार्टीमा आवद्ध भएका थिए । विज्ञान विषयमा स्नातक पास गरेका झा नेपाल सद्भावना पार्टीको जिल्ला अध्यक्ष, संघीय सदभावना पार्टीका केन्द्रीय अध्यक्ष, २०६४ मा समानुपातिक सांसद र त्यसपछि नेपाल सद्भावना पार्टीका अध्यक्ष बनेका थिए । उनीसँग समसामयिक राजनीतिक विषयमा केन्द्रित रही मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश :



**अनिलकुमार झा**
**नेता, राष्ट्रिय जनता पार्टी नेपाल**

**० चुनावी परिणामलाई राजपाले कुन रुपमा स्वीकार गरेको छ ?**

– निर्वाचनमा हामीले सोचेजस्तो परिणाम नपाए पनि लोकतन्त्रमा त्यसको परिणामलाई स्वीकार्नै पर्ने हुन्छ । त्यसैले राजपाले यो निर्वाचनको परिणामलाई स्वीकार गरेको हो ।

**० तपाईंहरुको कस्तो अपेक्षा थियो ?**

– जसरी हामीले छ वटा पार्टी मिलाएर मधेशी जनताको चाहनावमोजिम राष्ट्रिय जनता पार्टी नेपाल बनायौं, चुनावबाट हाम्रो पक्षमा अझ बढी समर्थनको अपेक्षा राखेका थियौं । तर, जेजति समर्थन र सहयोग प्राप्त भयो त्यसका निम्ति जनताप्रति आभारी छौं । भविष्यमा अझ बढी साथ, सहयोग र समर्थन प्राप्त हुने प्रकारको काम राजपाले गर्नेछ । आगामी दिनमा जनताको पक्षमा राम्रो काम गरेर अझ बढी जनसमर्थन जुटाउने प्रयास गर्नेछौं । राजपा एउटा पार्टी मात्र नभई अधिकार प्राप्तिको अभियान पनि हो । त्यसैले, हामीले जनताबाट थप सहयोगको अपेक्षा पनि राखेका छौं ।

**० तपाईंहरुले अपेक्षा गरेअनुसारको मत नपाउनुका कारणबारे समीक्षा गर्नुभयो ?**

– हामीले जनताले चाहेअनुसारको सूचना दिन नसकेको होला । हामीबाट कमी कमजोरी पनि भएको होला । विपक्षीहरूले हाम्रा कुरालाई बंग्याउने प्रयास गरेको होला । विभिन्न प्रकारका साधनस्रोतको अभाव हाम्रै तर्फबाट पनि भएको होला । हामीबाट समीकरण मिलाउने काम ठिकसँग नभएको होला । हामीले समीकरण मिलाए पनि जनतालाई बुझाउन नसकेको हुनसक्छ । यी सब कुराहरूका कारणले गर्दा हामीले अपेक्षाअनुसारको परिणाम ल्याउन सकेनौं ।

**० तपाईंहरुले संघीय समाजवादी फोरम नेपालसँग प्रदेश नं. २ मा मात्र चुनावी सहकार्य गर्नुभयो, अन्य प्रदेशमा किन सहकार्य भएन ?**

– चुनावी सहकार्यसम्बन्धी बैठकहरूमा म त्यति सक्रिय र उपस्थित नभएकोले बढी कुरा थाहा भएन । तर, विविध कारणले गर्दा अन्य प्रदेशमा सहकार्य हुन सकेन । तर, जे जतिसम्म भयो त्यो गरियो । समय अभावका कारण पनि हामीले अपेक्षाअनुसारको परिणाम ल्याउन सकेनौं । जहाँ हामीले समीकरण बनाउन सक्यौं त्यहाँ पनि अपेक्षित परिणाम त आएन तर, जे होस् त्यसबाट सन्तुष्टि लिने बाहेक अन्य विकल्प पनि छैन ।

**० जनताले तपाईंहरुलाई के म्यान्डेट दिए त ?**

– जनताले जनप्रतिनिधिको रूपमा काम गर्ने म्यान्डेट दिएका छन् । आफ्ना मागहरू पूरा गराउनका लागि केन्द्रीय सरकारमाथि दबाब बनाइरहन म्यान्डेट छ । सम्भव भए प्रदेश सरकार बनाउने जनादेश हो । हामी एउटा दबाब समूहको रूपमा केन्द्रमा र प्रदेशमा सरकार बनाउन सक्ने पक्षमा हामी काम गर्छौं ।

**० चुनावी सहकार्यपछि राजपा र फोरमबीच एकीकरण हुनुपर्ने भन्ने दबाब पनि आइरहेको छ, यसको कस्तो गृहकार्य भइरहेको छ ?**

– अहिलेसम्म राजपा र फोरमबीच एकीकरणबारे कुनै गृहकार्य भएको छैन । अहिले समानुपातिक निर्वाचन प्रणालीको विभिन्न छनोटका प्रक्रिया चलिरहेको छ । पार्टी अहिले त्यही गृहकार्यमा लागेको छ । अन्य कार्यभारहरू पनि छन्, त्यसमा हामी व्यस्त छौं । राजपा र फोरमबीच एकीकरणबारे अहिलेसम्म पार्टीमा कुनै गृहकार्य वा बहस भइरहेको छैन ।

**० तपाईंहरुले पाएको म्यान्डेट एकीकरणका लागि पनि होइन ?**

– फोरमसँग एकीकरण नै गर्छौं भनेर हामीले भनेका थिएनौं । अहिले पनि हामीले एकीकरण गर्छौं भनेर मत मागेका छैनौं । निर्वाचनका बेला चुनावी समीकरण मात्र थियो । 'गिभ एण्ड टेक' को आधारमा मात्र त्यो चुनावी समीकरण बनेको थियो । हामीले सीट बाँडफाँड गरेका थियौं, पार्टी एकीकरण त गरेका थिएनौं ।

**० अब तपाईंहरुको आगामी रणनीति के हुनेछ ?**

– हाम्रो रणनीति त जनताले दिएको जनादेश मुताबिकै हुन्छ । हामी स्वाभाविक रूपमा केन्द्रमा दवाब समूहको रूपमा काम गर्छौं र प्रदेशमा सक्यौं भने सरकार बनाउँछौं । यदि प्रदेशमा पनि सरकार बनाउन सकेनौं भने यहाँ दबाब समूहको रूपमा काम गर्छौं ।

**० चुनावी सहकार्य जस्तै प्रदेश नं. २ मा सरकार बनाउन राजपा र फोरमबीच सहकार्य हुन्छ ?**

– राजपा र फोरमबीच चुनावसम्मका लागि मात्रै गठबन्धन बनाइएको थियो । त्यो समीकरण अहिले समाप्त भइसकेको छ । हामीले चुनावी सहकार्य मात्र बनाएका थियौं । त्यसकारण, प्रदेश नं. २ मा सरकार बनाउनका लागि गठबन्धन बनाउने वा सहकार्य गर्ने भन्ने बारे अहिलेसम्म छलफल भएको छैन । फोरम र राजपाको नेतृत्वले आवश्यकता महसुस गऱ्यो भने सहकार्य हुन सक्छ । यसमा कति हदसम्म हाम्रो सहकार्य हुन सक्ला, त्यो अहिले भन्न सकिदैन । राजपाले आफ्नो तर्फबाट सहकार्य तोड्ने त्यस्तो कुनै काम गर्ने छैन । अर्को पक्षको जिम्मा त हामी लिन सक्दैनौं ।

**० तर, तपाईंहरुले चुनावका बेला प्रदेश नं. २ मा राजपा र फोरमले मधेश सरकार गठन गर्ने जस्ता कुरा पनि गर्नु भएको थियो नि ?**

– हामीले त्यो तहको मत पाएका छैनौं । दुबै पार्टी मिलाएर त सरकार बनाउने मत पायौं । यस्तो परिवेशमा हाम्रो सरकार बनाउने प्रयास रहन्छ । राजपाले आफ्नो तर्फबाट इमान्दार प्रयास गर्ने नै छ । अर्को पक्षबाट पनि त्यतिकै इमान्दार प्रयास भयो भने प्रदेश नं. २ मा राजपा र फोरमको सरकार बन्छ ।

**० फोरम र राजपाबीच प्रदेश नं. २ मा सरकार बनाउने सहकार्य भयो भने मुख्यमन्त्री कसको हुने ?**

– अब मुख्यमन्त्री कसको तर्फबाट हुन्छ भन्ने कुराको छिनोफानो भइसकेको छैन । त्यसैले, अहिले नै मुख्यमन्त्री हाम्रो वा फोरमको हुने भनेर भन्न मिल्दैन । जब सहमतिमा सरकार बन्ने स्थिति हुन्छ भने सहमतिमै मुख्यमन्त्री पनि तय हुनुपर्दछ ।

**० प्रदेश नं. २ मा सरकार बनाउने तपाईंहरुबीच छलफल भएको छ कि छैन ?**

– अहिलेसम्म त्यसबारे कुनै चर्चा वा छलफल भएको छैन । अहिले त्यसबारे छलफल गर्नु आवश्यक पनि छैन । किनभने जबसम्म प्रदेश व्यवस्थापिका बन्दैन तबसम्म त्यसबारे छलफल गरेर पनि फाइदा छैन । त्यसैले समयमै कुरा गर्नु उचित हुन्छ ।

**० यदि प्रदेश नं. २ मा तपाईंहरुले सरकार बनाउनुभयो भने पहिलो प्राथमिकता के-के हुनेछ ?**

– पहिलो प्राथमिकता त स्वाभाविक रूपमा नै मधेशको समग्र विकास हुनेछ । तर, त्योभन्दा पहिले केही सांकेतिक कार्य गर्नुपर्ने हुन्छ । प्रदेश नं. २ मा राजपाको अनुकुल सरकार बन्यो भने गर्नु पर्ने पहिलो काम भनेको मधेश आन्दोलनका शहीद परिवारहरूलाई ५० लाख प्रतिपरिवार दिने, प्रदेशको नाम 'मधेश प्रदेश' राख्ने र त्यस पछि अन्य कामहरू हुनेछ ।

**० केन्द्रमा एमालेको नेतृत्वमा वाम गठबन्धनको सरकार बन्ने देखिएको छ, वाम गठबन्धनलाई तपाईंहरुको समर्थन रहन्छ कि रहँदैन ?**

– हामीलाई जनताले वाम गठबन्धनको विरूद्धमा मत दिएका छन् । त्यसैले, यथास्थितिमा वाम गठबन्धनलाई समर्थन गर्ने राजपालाई कुनै अधिकार छैन । यो जनताको मत हो । एमाले अध्यक्ष केपी ओलीले जुन अतिस्योक्तिपूर्ण अभिव्यक्तिहरू दिए, त्यसका विरूद्धमा जनताले मतदान गरेका छन् । त्यसकारण, राजपाले वाम गठबन्धनलाई समर्थन गर्न सक्दैन । यदि केपी ओली र प्रचण्डजीको वाम गठबन्धनले संविधान संशोधन गर्न तयार हुन्छ भने त्यो संविधान संशोधन विधेयकमा हामी पनि मतदान गर्छौं । संविधान संशोधनपछि हामी समर्थन गर्न सक्छौं । जबसम्म संविधान संशोधन भएर जनताका अधिकार सुनिश्चित हुँदैन तबसम्म राजपाले यथास्थितिमा वाम गठबन्धनलाई समर्थन गर्न सक्दैन ।

**० त्यसो भए, वाम गठबन्धनलाई राजपा समर्थन रहँदैन ?**

– सरकार बनाउने बेलासम्म वाम गठबन्धन रहनुपऱ्यो । कुनै लालपुर्जा गरेर त वाम गठबन्धन बनाइएको होइन, वाम गठबन्धन नरहन पनि सक्छ । सरकार बनाउने बेलासम्म वाम गठबन्धन यथावत् रहोस्, त्यो वाम गठबन्धनले मधेशी जनताका मागहरू सम्बोधन गर्न सकोस् । त्यसपछाडि वाम गठबन्धनलाई पनि मधेशी जनताको समर्थन प्राप्त हुनेछ ।

**० भनेपछि, बिना कुनै शर्त राजपाले वाम गठबन्धनलाई समर्थन गर्दैन ?**

– यथास्थिति गर्न सक्दैन ।

**० प्रदेशसभा सदस्यहरुलाई सरकारले काठमाडौंमै शपथ ग्रहण गराउने तयारी गरिरहेको छ, यसलाई कसरी लिनुभएको छ ?**

– नेपालमा संघीयताको कडा विरोध गर्ने र संघीयता हुनै नदिन चाहने कांगेस र एमाले नै हुन् । अहिले पनि मुलुक संघीय पद्धतिमा गइसकेपछि उनीहरूले केन्द्रिकृत शासनको अभ्यास गर्न खोजिरहेका छन् । उनीहरूले जुन प्रकारले प्रदेशसभा सदस्यहरूलाई काठमाडौंमा नै शपथ ग्रहण गराउने, प्रदेश प्रमुखको कार्यालय पनि काठमाडौंमै राख्ने धृष्टता गरिरहेका छन् त्यसको हामी कडा विरोध गर्छौं ।

**० राजपाका प्रदेशसभा सदस्यहरुले काठमाडौंमा शपथ ग्रहण गर्ने कि नगर्ने ?**

– राजपाका प्रदेशसभा सदस्यहरूले काठमाडौंमै शपथ ग्रहण गर्ने वा नगर्ने विषयमा हामीले निर्णय गरिसकेका छैनौं । तर, कांग्रेस र एमालेको जुन कुत्सित मानसिकता छ, त्यसलाई नै निरन्तरता दिन खोजिरहेका छन् । हामी यसको विरोध गर्छौं ।

**० प्रदेश राजधानीको विषयमा पनि ठाउँ-ठाउँमा आन्दोलन भइरहेको छ, यसमा के भन्नुहुन्छ ?**

– आन्दोलन त हुन्छ नै । त्यो मागलाई सम्बोधन र व्यवस्थापन गर्ने काम सरकारको हो । सरकारमा बस्ने, शासनसत्ता भोग्ने सरकारले अनि विरोध खप्ने कसले ?

**० खासगरी प्रदेश नं. २ को राजधानी कहाँ राख्दा उपयुक्त हुन्छ ?**

– राजधानी मैले तोक्ने होइन । राजधानी तोक्ने काम सरकारको हो । सरकारले तत्काललाई अस्थायी राजधानी तोक्ने र पछि प्रदेश सभाको दुई तिहाई बहुमतबाट स्थायी राजधानी बनाउने हो । त्यो जिम्मेवारी या त अहिलेको नेपाल सरकारको छ वा भोली बन्ने प्रदेशसभाले निर्णय गर्नेछ । त्यसैले मैले यसको बारेमा जवाफ दिन सक्दिन ।

**० अत्यधिक चिसो र शीतलहरका कारण तराई-मधेशमा अहिलेसम्म ४० भन्दा बढी सर्वसाधारणको ज्यान गइसकेको छ, यसका लागि तपाईंहरु के गर्दै हुनुहुन्छ ?**

– हामीले यो विषयमा नेपाल सरकारसँग कडा रूपमा माग गरेका छौं । सरकारले जनताबाट जसरी कर उठाउँछ त्यसरी नै जनताको ज्यान जोगाइ पनि दिनुपर्छ र यो दायित्व सरकारको हो । प्राकृतिक विपद्बाट जोगाउने जिम्मेवारी राज्यको हुने भएकाले शीतलहरबाट प्रभावित जनताको जीवनरक्षाका निम्ति पर्याप्त राहत उपलब्ध गराउनु पर्दछ । हामीले यसअघि नै प्रधानमन्त्रीलाई सर्वदलीय बैठकमा ध्यानाकर्षण गराइसकेका छौं ।

**० शीतलहर पीडितका लागि राहत उपलब्ध गराउन राजपाले पार्टीबाट केही पहल गरेको छैन ?**

– राजपासँग पैसा छाप्ने मेसिन नभएकोले राजपा आफैले राहत कहाँबाट वितरण गर्छ ? त्यत्रो तीन-तीन वटा चुनाव भयो । पार्टीका नेता कार्यकर्ताहरू व्यक्तिगत रूपमा राहत दिने अवस्थामा छैनन् । वास्तवमा भन्ने हो भने हामी नै राहत लिने अवस्थामा छौं । राजपाले शीतलहर पीडितका लागि राज्यलाई दबाब दिइरहेको छ । नेपालबाहिर बस्ने मधेशी समुदाय, विभिन्न गैरसरकारी संघ/संस्था, विदेशी दातृ निकाय, दूतावास लगायतलाई राजपाले सहयोगका लागि अपील गरेको छ । हामी पैसा छाप्ने वा संकलन गर्ने निकाय नभएकोले पैसा बाँड्ने हैसियत हामीसँग छैन ।

**० प्राकृतिक प्रकोपहरु बाढी, शीतलहरबाट वर्षेनी मधेशमा जनधनको क्षति हुने गरेको छ । तर, यसबाट कमभन्दा कम क्षति हुने दीर्घकालीन समाधानतर्फ किन ध्यान नगएको होला ?**

– शीतलहरमा कम्बल बाँडेर यसको समाधान छैन । शासक वर्गको एउटै उद्देश्य छ कि मधेशलाई कसरी मरूभूमीकरण बनाउने । मधेशमा मान्छे बस्ने परिस्थिति नै नरहोस् भन्ने हिसावले चुरिया पर्वत श्रृंखलालाई यहाँका शासकहरूले मासे ।

अहिले पनि बाँकी रहेकालाई मास्दैछन । जुन दिन चुरिया पर्वत समाप्त हुन्छ, त्यो दिन मधेशमा न पानी हुन्छ, न मधेशमा बाली हुन्छ, न मधेशमा एक घन्टा पनि बस्न सक्ने अनुकुल मौसम हुन्छ । आजभन्दा ५० वर्ष पछि मधेशमा न मानिस हुनेछ न कुनै जीवन हुनेछ । मधेश भयंकर मरूभूमिमा परिणत हुँदैछ । यो नेपाली राज्यको कारणले भइरहेको छ । मधेशीलाई मधेशबाट आफै भागेर जाने परिस्थिति बनाइँदैछ । यसमा गम्भीर षड्यन्त्र छ । मधेशीमुक्त नेपाल बनाउने अभियानमा प्राकृतिक प्रकोपलाई निम्तियाइँदैछ ।

**० यसबाट बच्न तपाईंहरुसँग के उपाय छ ?**

– यसैबाट बच्नका लागि हामी निरन्तर संघर्ष गर्दै आएका छौं । मधेशी जनताले यो कुरा बुझ्न सकेका छैनन् । अहिले पनि मधेशीले हामीले बहुमत दिएर पठाएको छैन । फोरम र राजपा मिलाएर पनि मधेशी जनताको आधा मत पाएका छैनौं । अहिले पनि दुई तिहाई मधेशी जनताले मधेशीका दुश्मन गैरमधेशी दललाई मत दिएका छन् । म जहाँबाट चुनाव जितेको हुँ त्यसको पश्चिममा कांग्रेस, उत्तरमा कांग्रेस र पूर्वमा पनि कांग्रेस जितेका छन् । अब चारैतिरबाट छेरिएको अनिल झा एक्लै के गर्न सक्छन् । त्यसैले सिंगो मधेश मधेशी दलको हातमा नआएसम्म शासक वर्गसँग हिसाव किताब गर्न अप्ठ्यारै छ ।

---

- **आगामी दिनमा जनताको पक्षमा राम्रो काम गरेर अझ बढी जनसमर्थन जुटाउने प्रयास गर्नेछौं। राजपा एउटा पार्टी मात्र नभई अधिकार प्राप्तिको अभियान पनि हो।**
- **राजपा र फोरमबीच एकीकरणबारे अहिलेसम्म पार्टीमा कुनै गृहकार्य वा बहस भइरहेको छैन।**
- **निर्वाचनका बेला चुनावी समीकरण मात्र थियो। 'गिभ एण्ड टेक' को आधारमा मात्र त्यो चुनावी समीकरण बनेको थियो।**
- **प्रदेश नं. २ मा सरकार बनाउनका लागि गठबन्धन बनाउने वा सहकार्य गर्ने भन्ने बारे अहिलेसम्म छलफल भएको छैन। फोरम र राजपाको नेतृत्वले आवश्यकता महसुस गऱ्यो भने सहकार्य हुन सक्छ।**
- **प्रदेश नं. २ मा हाम्रो सरकार बन्यो भने पहिलो काम भनेको मधेश आन्दोलनका शहीद परिवारहरूलाई ५० लाख प्रतिपरिवार दिने, प्रदेशको नाम 'मधेश प्रदेश' राख्ने।**
- **प्राकृतिक विपदबाट जोगाउने जिम्मेवारी राज्यको हुने भएकाले शीतलहरबाट प्रभावित जनताको जीवनरक्षाका निम्ति पर्याप्त राहत उपलब्ध गराउनु पर्दछ।**
- **राजपासँग पैसा छाप्ने मेसिन नभएकोले राजपा आफैले राहत कहाँबाट वितरण गर्छ ? त्यत्रो तीन-तीन वटा चुनाव भयो। पार्टीका नेता कार्यकर्ताहरू व्यक्तिगत रूपमा राहत दिने अवस्थामा छैनन्।**
- **मधेशमा मान्छे बस्ने परिस्थिति नै नरहोस् भन्ने हिसावले चुरिया पर्वत श्रृंखलालाई यहाँका शासकहरूले मासे।**
- **मधेशीलाई मधेशबाट आफै भागेर जाने परिस्थिति बनाइँदैछ। यसमा गम्भीर षड्यन्त्र छ। मधेशीमुक्त नेपाल बनाउने अभियानमा प्राकृतिक प्रकोपलाई निम्तियाइँदैछ।**

# डा.केसीको गिरफ्तारी र यसले उब्जाएका गम्भीर सवालहरू

सर्वोच्च अदालतले चिकित्साशास्त्र अध्ययन संस्थानको डीनमा डा. शशि शर्मालाई पुनर्बहाली गर्ने निर्णय सुनाएको भोलि पल्टै अर्थात पुस २४ गते सोही अस्पतालमा कार्यरत डा. गोविन्द केसीले त्यस विरूद्ध अनशन सुरू गरेका थिए। डा.केसीले अनसनका मागहरूको १ नम्बर बुँदामा पदीय मर्यादाविपरीत न्यायालयमा भ्रष्टाचार संस्थागत गर्ने तथा न्यायलाई विक्रीको विषय बनाउने भ्रष्ट प्रधानन्यायाधीश गोपाल पराजुलीद्वारा पदबाट तत्काल राजीनामा गरियोस्। तत्पश्चात उनका भ्रष्ट क्रियाकपालहरूमाथि छानविन र कारवाही गरियोस्' भनी माग गरेका थिए।

डा.केसीले प्रधानन्यायाधीशको विरोध गर्दै पत्रकार सम्मेलन गरेको केहीबेरमै सर्वोच्च अदालतका एक कर्मचारीले 'अदालतबाट भएका फैसलाविरूद्ध आम जनमानसमा भ्रम पर्ने गरी नेपालको न्याय व्यवस्था, न्यायपालिका र न्यायाधीशहरूका विरूद्ध अमर्यादित, अशिष्ट र अदालतको अवहेलनाजनक अभिव्यक्ति उल्लेख गरेको' भन्दै उनी विरूद्ध मानहानीको निवेदन दर्ता गरेका थिए । लगत्तै न्यायाधीश डम्बरबहादुर शाहीले डा. केसीलाई पक्राउ गरी भोली पल्ट पुस २५ गते बिहान ९ बजे सर्वोच्च अदालतमा हाजिर गराउन प्रहरीलाई आदेश दिए। त्यसको केही घण्टामै डा. केसीलाई प्रहरीले त्रिवि शिक्षण अस्पतालस्थित अनसन स्थलबाटै गिरफ्तार गऱ्यो।

नेपालको संविधानको धारा १२८ (४) ले मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालन गर्नु पर्नेछ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुन बमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ भन्ने संवैधानिक व्यवस्था गरेको छ । अदालतको अपहेलनामा सजाय गर्न छुट्टै कानुन बनी सजायको ब्यवस्था नभई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ मा सर्वोच्च अदालतले अपहेलनामा सजाय गर्न सक्ने व्यवस्था गरेको देखिन्छ। हाम्रो सन्दर्भमा माथि उल्लेखित संवैधानिक व्यवस्थाले सर्वोच्च अदालत अभिलेख अदालत हुने भन्ने व्यवस्था भएकोले यस अदालतको काम कारवाही, कार्यविधिहरू अभिलेखन हुन्छन् र यस अदालतको र यस अदालतअन्तर्गतका अदालतहरूको काम कारवाहीको कसैले अपहेलना गरेमा अपहेलना गर्नेलाई कैद, जरिवाना वा दुवै सजाय गर्न सक्ने अधिकार अभिलेख अदालत भएको नाताले यस अदालतलाई संविधान एवम् कानुनले प्रदान गरेको छ।

तर अदालतको अपहेलना सम्बन्धमा व्यवस्थापिकाले हालसम्म कुनै कानुन बनाएको देखिदैन। के कस्तो कामले अदालतको अपहेलना हुन्छ भन्ने कुरा त्यसको परिस्थितिअनुसार अदालत आफैले ठहर गर्ने कुरा हो। यसको अर्थ अदालतको अवहेलनालाई आफू खुसी प्रयोग गर्न पाईन्छ भन्ने होइन। प्रधानन्यायाधीश वा कुनै न्यायाधीश भ्रष्ट भयो, उसका फैसला वा आदेशमा संवैधानिक मान्यताको विचलन छ भनेर हजार पटक लेख्न, बोल्न पाइन्छ।

कस्तो कार्यले अदालतको अवहेलना हुनेबारे नेपालमा प्रष्ट कानुन नभए पनि यस सम्बन्धमा थुप्रै अदालती व्याख्याहरू भएका छन्। अधिवक्ता हरिहर दाहालविरूद्ध मन बहादुर गुरूङ समेत् (निर्णय नं.-४६८४ ने.का.प. २०५० (क) अङ्क १) भएको अदालतको अबहेलना मुद्दामा इजलास भित्रै न्यायाधीश वा अदालतका अधिकृतप्रति अपमानजनक शब्द भन्नु वा अपमानजनक व्यवहार गर्नु अथवा न्याय सम्पादन प्रक्रियालाई बाधा अवरोध गर्नु वा बाधा अवरोध उत्पन्न गर्ने अभिप्रायको भय, त्रास वा कुनै अनुचित प्रभाव पार्ने क्रियाकलाप गर्नु इजलासकै अवहेलना मानिने भन्ने व्याख्या भएको छ।

त्यस्तै, सन्तोष भट्टराईविरूद्ध कनकमणि दिक्षित समेत (निर्णय नं.७८४० ने.का.प.२०६४ अङ्क ४) अदालतको अवहेलना मुद्दामा मान्य सिद्धान्त अनुसार देहायका कामहरू अदालतको अपहेलना मान्नु पर्ने:

(१) अदालतको निर्णय वा आदेशको जानाजान Willful अवज्ञा गर्ने कार्य।

(२) अदालत समक्ष गरेको प्रतिज्ञाको जानाजान भंग वा अवज्ञा गर्ने कार्य।

(३) बोलेर, लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिजाई अनास्था पैदा गरी काण्ड मच्चाउने कार्य।

(४) बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने कार्य।

(५) बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कामद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रशासनमा अवरोध गर्ने कार्य।

(६) अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने काम गर्ने

(७) मुद्दाका, पक्षहरू, मुद्दाका साक्षीहरू तथा अदालतका कर्मचारीलाई बाधा बिरोध गर्ने कार्य।

(८) अदालतलाई विवादमा ल्याउने जुनसुकै कार्य यी अवस्था मात्र होइन, अवस्था अनुसार विभिन्न अन्य कार्यले पनि अदालतको अपहेलना हुनसक्छ भन्ने ब्याख्या भएको छ।

अवहेलनामा कारवाही गर्दा अदालतले आत्मसंयम अपनाउनु पर्दछ। बेलायती प्रधानन्यायाधीश लर्ड डेंनिंगलाई 'लर्ड डेनिंग' एक गधा हो भनेर प्रकाशित भएपछि उनले 'यद्यपि यो निराशाजनक छ, हामी उहाँलाई दण्डित गर्न चाहँदैनौ' भनी संयमपूर्ण व्यवहार गरी सजाय नगरेको दृष्टान्त छ। अवहेलनामा कारवाही गरेर मात्र अदालतको इज्जत बढ्छ भन्ने पनि होइन।

अभिलेख अदालत भएको कारण धारा १२८ (४) अनुसार अपहेलनामा कारवाही गर्दा अदालतप्रति नै जनआस्था र जनविश्वास घट्न सक्ने कुरा प्रति पनि अदालत सदैव सजग रहनु पर्छ। संविधानले प्रत्येक नागरिकलाई दिएको वाक तथा प्रकाशन स्वतन्त्रता र प्रकाशन प्रशारण तथा छापाखानासम्बन्धी हक र सूचनाको हकलाई नियन्त्रित, प्रतिबन्धित, निलम्बित र सिमित नहुने गरी सन्तुलन गर्नुपर्दछ। तब मात्र अभिलेख अदालतको हैसियतले अवहेलनामा सजाय गर्न पाउने यस अदालतको संवैधानिक अधिकारको सहि प्रयोग भएको मान्न सकिन्छ ।

खुला र लोकतान्त्रिक समाजमा नागरिकको वाक् तथा प्रकाशन स्वतन्त्रताको हक र सूचना पाउने हक आदि मौलिक हकहरू महत्वपूर्ण प्रजातान्त्रिक हक मानिन्छन। नागरिकहरूलाई यस्ता महत्वपूर्ण र मानव जीवनको अभिन्न हकबाट वञ्चित गर्ने हो भने मानवअधिकारको अपहरण मानिन्छ। यस्ता हकहरूको उपभोग लेखेर र बोलेर, विद्युतीय प्रकाशन, प्रशारण तथा छापाखानालगायतका साधन एवम् सामग्रीबाट उपभोग हुन्छन्। बाह्य एवम् आन्तरिक कारणबाट राष्ट्रिय अस्तित्व नै खतरामा परेको अवस्थामा बाहेक यी हकहरू निलम्वन हुन सक्तैनन्। अभिलेख अदालत भएको नाताले अपहेलनामा सजाय गर्दा नागरिकहरूको मौलिक हकहरू नियन्त्रित, प्रतिवन्धित, निलम्वित र सिमित नहुने र नबाभिने गरी अर्थात नागरिकहरूका माथि उल्लेखित हकहरूको उपभोग गर्न पाउन र अदालतको अवहेलनाको कसूरमा सजाय गर्दा सन्तुलन गर्नुपर्ने हुन्छ।

लोकतन्त्रको विशेषता भनेको खुला समाज हो। लोकतान्त्रिक व्यवस्थामा नै वाक् तथा प्रकाशन स्वतन्त्रता र छापाखाना तथा प्रकाशन सम्बन्धी हकको व्यापक प्रयोग भएको हुन्छ। अर्को व्यक्तिको हकमा आघात नपर्ने र कानुनी व्यवस्था विपरीत नहुने हदसम्म यी हकहरूको उपभोगमा बन्देज लाग्दैन। खुला समाजमा आधारित प्रजातान्त्रिक व्यवस्थामा नै राज्यका अंगहरूले सम्पादन गरेको काम कारवाहीको स्वच्छ र स्वस्थ आलोचना हुन पाउँछ। अदालतको काम कारवाहीमा पनि प्रमाणका आधारमा विवादित विषयमा निर्णय गर्नु पर्ने मुद्दामा बाहेक अदालतप्रति कति पनि Bad Faith, Malafide Intention/ Unterior Motive नराखी कुनै विषयमा वास्तविकतामा आधारित स्वस्थ, स्वच्छ र साँचो टिकाटिप्पणी चर्चा प्रकाशन आदि हुन्छ भने अदालतले त्यसलाई अदालतको अपहेलना गरेको कहिले पनि ठान्नु हुँदैन।

यदि अदालत वा न्यायाधीशहरूको विषयमा माथि उल्लेखित वास्तविकतामा आधारित भएको टिकाटिप्पणीलाई पनि अदालतको अपहेलना ठहर गरी सजाय गर्ने हो भने अदालत आफ्नो विरूद्धको आलोचना सहन नसक्ने Despotic / Tyrant संस्था हुने मात्र होइन अदालतको यस्तो कार्यले नागरिकको वाक् तथा प्रकाशन स्वतन्त्रता, छापाखाना तथा प्रकाशनसम्बन्धी हक तथा नागरिकहरूको सुसूचित हुने हक समेत नियन्त्रित भइरहेको हुन्छ। वाक तथा प्रकाशन स्वतन्त्रता एवम् प्रकाशन तथा प्रशारण गर्ने हक प्रजातन्त्रको सफल कार्यान्वय र सञ्चालनमा आवश्यक हुन्छ। खुल्ला समाजमा विभिन्न माध्यमबाट देशको राजनीतिक, आर्थिक, सामाजिक, संवैधानिक, कानुनी, न्यायिक लगायत विभिन्न पक्षमा विचारहरूको अभिव्यक्ति भइरहेको हुन्छ। अदालतको स्वतन्त्रता कायम राख्न पनि यी अभिव्यक्तिहरू आवश्यक पर्दछ। अदालतको अपहेलना नहुने हदसम्म यस्ता हकहरूको उपभोग गर्नबाट बाधा पर्ने काम अदालतले गर्न हुँदैन।

बेलायतको Regina V. Metropolitan police commissioner को मुद्दामा १९६८ (२ WLR १२०४ को मुद्दामा Lord Denningn Let me say at once we will never use that jurisdiction as a means to up hold our own dignity that must rest on surer foundation, neither will we use it to suppress those who speak against us. We do not fear criticism nor do we resent it for there is something far more important at stake. It is no less than the freedom of speech itself

भनी अदालतले अपहेलनामा सजाय गर्दा नागरिकको वाक् तथा प्रकाशन स्वतन्त्रतामा आघात पर्ने तर्फ विचार पुऱ्याउनु पर्ने कुराहरूको व्याख्या भएको देखिन्छ।



रोशनकुमार झा

यसैगरी भारतको सर्वोच्च अदालतबाट Rustom Cowagee Cooper Vs. Unior of India भएको मुद्दामा आफनो अपहेलनामा अदालतको धैर्य गर्न सक्ने सिमाका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको देखिन्छ:

There is no doubt that the Court like any other institution does not enjoy immunity from fair criticism. This Court does not claim to be always right. Although it does not spare any effort to be right according to the best of the ability, knowledge and judgment of the judges. They do not think themselves in possession of all truth or hold that wherever other differs from them, it is so far error. No one is more conscious of his limitations and fallibility than a judge but because of his training and the assistance he gets from learned counsel he is apt to avoid mistakes more than otherso;f] eGb} We are constrained to say also that while fair and temperate criticism of this Court or any other Court even if strong, may not be actionable, attributing improper motives, or tending to bring Judges or Courts into hatred and contempt or obstructing directly or indirectly with the functioning of Courts is serious contempt of which notice must and will be taken. Respect is expected not only from those to whom the judgment of the Court is acceptable but also from those to whom it is repugnant. Those who err in their criticism by indulging in vilification of the institution of Courts, administration of justice and the instruments through which the administration acts, should take heed for they will act at their own peril. We think this will be enough caution to persons embarking on the path of criticism. With these words we order the papers to be filede.

सत्य कुराको प्रकाशन, जायज एवम् फेयर कमेन्ट र क्रिटिसिजममा पनि अदालतको अपहेलना ठहरी सजाय गर्ने हो भने नेपालको संविधानको धारा १२८ (४) को अधिकारको दुष्प्रयोग हुन जाने हुँदा अदालत बढी सतर्क र धैर्य हुनै पर्छ।

*लेखक कानून व्यवसायी हुन्।*

## राजपामाथि दबाब तथा ज्ञापन



काठमाडौं। तराई मधेश राष्ट्रिय परिषदले तराई-मधेश आन्दोलनका क्रममा भएको हत्या, हिंसा, तोडफोड लगायतका घटनाको छानबिनका लागि गठित उच्चस्तरीय जाँचबुझ आयोगले सरकारलाई बुझाएको प्रतिवेदन सार्वजनिक गराउन राष्ट्रिय जनता पार्टी नेपाललाई ज्ञापन बुझाएको छ। तराई, मधेश, थारूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हत्या, हिंसा, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानबीन सम्बन्धी गठित उच्च स्तरीय छानबीन आयोग" को प्रतिवेदन सार्वजनिक गर्न दबाव दिन परिषद्ले ज्ञापन पत्र बुझाएको हो। ज्ञापन पत्र बुझाउन उल्लेख्य सँख्यामा परिषद्का सदस्यहरू लगायत मानव अधिकारवादी, वकिल, पत्रकार, तथा बुद्धिजीविहरू सहभागी भएका थिए। ज्ञापन पत्र बुझाउन पूर्वराजदूत बिजयकान्त कर्ण, अधिवक्ता सुनिलरंजन सिंह, परिषद्का सदस्य अधिवक्ता आनन्द गुप्ता, कासिन्द्र यादव, दीपेन्द्र झा, ई. उमा शंकर साह, आलोक यादव, राज महतो, जय नारायण आदिको प्रतिनीधिमूलक समूहले राजपा संयोजक महन्थ ठाकुरलाई भेटी प्रतिवेदन सार्वजनिक गर्न दबाव दिन आग्रह गरेका थिए।

## "राज्जा रानी" द्वारा राहत वितरण

सप्तरी। शीतलहरबाट सबभन्दा बढी प्रभावित सप्तरी जिल्लाको दलित बस्तीमा मैथिली चलचित्र 'राज्जा रानी' समूहले राहत सामग्री वितरण गरेको छ। अतिप्रभावित बेल्ही



चपेना गाउँपालिका वडा नं ५ को दलित बस्तीमा 'राज्जा रानी' समूहले सोमबार लुगा वितरण गरेको छ। 'भोर' नामक सामाजिक संस्थाद्वारा सिरक, ओढ्ने, ओछ्याउने, म्याट र बालबालिकाका लागि टोपी र रूमाललगायत सामग्री वितरण गरिएको छ। 'राज्जा रानी'का निर्माता राजकुमार महतोको नेतृत्वमा त्यहाँ पुगेको टोलीले सो बस्तीमा राहत सामग्री वितरण गरेको हो। उक्त राहत सामग्री 'राज्जा रानीकी गायिका अञ्जु यादवलगायतले हस्तान्तरण गरेका छन्। लुगाको अभावमा शीतलहरमा कष्टकर जीवन बिताउँदै आएका १० डोम घरपरिवारलाई सो राहत सामग्री प्रदान गरिएको बताइएको छ। आर्यन फिल्म प्रोडक्सन र भोर कम्पनी प्रालिद्वारा मैथिली र नेपाली भाषामा निर्मित उक्त चलचित्र यही पुस २१ गतेदेखि देशैभर प्रदर्शन भइरहेको छ।

## मधेश अपडेट

### "काठमाडौंमा शपथ ग्रहण उचित हुँदैन"

विराटनगर। सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले प्रदेशसभा सदस्यहरूलाई काठमाडौंमा शपथ ग्रहण गराउनु उचित नहुने जिकिर गरेका छन्। उनले मुलुक संघीय संरचनामा गइसकेकोले प्रदेशमा नै शपथ ग्रहण गराउनुपर्ने धारणा राखेका छन्। नेपाल सरकारका प्रवक्ता समेत रहेका बस्नेतले राजनीतिकर्मीबाहेक अन्य सामाजिक क्षेत्रमा रहेका व्यक्तिलाई दलहरूको सहमतिमा प्रदेश प्रमुख नियुक्त गरिने बताए। उनले राष्ट्रियसभा अध्यादेश, राष्ट्रियसभा निर्वाचन, समावेशी भावना आदि संवैधानिक प्रक्रियाका कारण सत्ता हस्तान्तरणमा केही ढिलाइ भएको प्रष्ट पारे।

### तिलौराकोटको मुख्य भाग फेला पार्न उत्खनन्

कपिलवस्तु। तिलौराकोटको प्राचीन सहरको महत्वपूर्ण भाग फेला पार्न उत्खनन् सुरू गरिएको छ। अत्याधुनिक प्रविधिका उपकरणको प्रयोग गरी पुरातात्विक मुल्य मान्यता अनुसार विधिवतरूपमा उत्खनन् सुरू गरिएको हो। बुद्धको क्रिडास्थल तथा राजा शुद्धोधनको राजदरबार तिलौराकोटको मुख्य भाग फेला पार्न उत्खनन् सुरू गरिएको जनाइएको छ। चौथो पटक सुरू गरिएको उत्खनन् टोलीमा बेलायतको दुर्हम विश्व विद्यालय, पुरातत्व विभाग, लुम्बिनी विकास कोषका विज्ञ, राष्ट्रिय तथा अन्तराष्ट्रिय पुरातत्वविद् संलग्न छन्।टोलीले तिलौराकोट र अन्य बुद्धस्थलको यसअघि नै उत्खनन् कार्य गर्दै आएको छ। अहिले गरिरहेको विज्ञहरूको टोलीले ५५ दिन लगाएर उत्खनन् गर्ने पनि अधिकृत कुँवरले जानकारी दिए। पुरातत्व विभाग र लुम्बिनी विकास कोषले सन् २०१४ देखि उत्खनन् र अनुसन्धानको कार्य थाल्दै आएको हो। यसपटक तिलौराकोट क्षेत्रको उत्खननसँगै केही महत्वपूर्ण बुद्धस्थलमा अध्ययन अन्वेषण गरिने भएको छ। तिलौराकोट नजिकका चेत्रादेइ, सगरहवा, कर्मा, अरौराकोट, गोटिहवा, निग्लिहवा, सिसहनियाँ, नवलपरासीको रामग्राममा अन्वेषण गरिने भएको छ।

### प्रदेशसभा सदस्यद्वारा प्रमलाई ज्ञापन

सप्तरी। केही दिनदेखि बढेको अत्याधिक चिसो र शीतलहरका कारण सप्तरीमा मात्र कम्तीमा ९ जनाको ज्यान गइसकेको भन्दै प्रदेश नं. २ का प्रदेशसभा सदस्य शैलेन्द्र प्रसाद साहले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्। जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख अधिकारीमार्फत आइतबार प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै प्रकृतिको यो प्रकोपबाट सप्तरीसहित मधेशका जिल्लाका नागरिकहरूको दैनिकी कष्टपूर्ण बन्दै गएको स्थिति जानकारी गराएका हुन्। 'शीतलहरको यत्रो कहरका बाबजुद सप्तरीका प्रभावित वस्तीमा अझै पनि राज्यको जिम्मेवार उपस्थिति हुन सकेको छैन। जनतालाई सुरक्षित पार्न सकिए मात्र राज्यको उपस्थितिलाई बलियो मान्न सकिन्छ', ज्ञापनपत्रमा उल्लेख छ।

### भजन समूहद्वारा कम्बल वितरण

रौतहट। रौतहट जिल्लाको गौर नगरपालिका वार्ड नम्बर २ का दलित बस्तीमा कम्बल वितरण गरिएको छ। बढ्दै गएको चिसोले जनजीवन कस्टकर भएको बेलामा चिसोबाट जोगिनका लागि श्री सत्य साईं भजन समूह चन्द्रनिगाहपुरले दलित बस्तीका १२६ घरपरिवारलाई २६५ वटा कम्बल वितरण गरेको हो। स्थानीय नेकपा एमालेका युवा नेता शम्भू साहको विशेष पहलमा सो वस्तिका व्यक्तिहरूलाई कम्बल वितरण गरिएको हो। गौर नगरपालिकाले गरीब दलितहरूलाई जाडो छल्नका लागि समयमा न्यानो कपडा उपलब्ध गराउन नसकेको अवस्थामा नेता साहले दात्र संस्थालाई आग्रह गरी कम्बल वितरण गराएका हुन्।

### "प्रदेश ५ को राजधानी कपिलवस्तु नै ठिक"

कपिलवस्तु। प्रदेश नं. ५ को राजधानी कपिलवस्तु बनाउन विगत केही समयदेखि सङ्घर्ष गर्दै आएको कपिलवस्तु युवा सङ्घर्ष समितिको आयोजनामा राजधानी कपिलवस्तु नै किन हुनुपर्छ भन्ने सन्दर्भमा आयोजित अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा कपिलवस्तु क्षेत्र नम्बर १ का नवनिर्वाचित सांसद चक्रपाणी खनाल बलदेव, क्षेत्र नम्बर २ का नवनिर्वाचित सांसद बृजेश कुमार गुप्ता लगायत, कपिलवस्तु जिल्लाबाट प्रदेश सभामा नवनिर्वाचित प्रदेश सदस्यहरू क्रमश: दिर्घनारायण पाण्डे, अर्जुन केसी, धर्मबहादुर लाल श्रीवास्तव, सहसराम यादव, नगररगाउँपालिकाका प्रमुख/उपप्रमुख लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि, पत्रकार, व्यवसायी, बौद्धिक वर्ग, युवा विद्यार्थी सङ्गठनका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि बलदेवले कपिलवस्तुलाई ५ नम्बर प्रदेशको राजधानी २ तिहाइ बाट मात्र होइन सर्वसहमतीबाट हुनुपर्ने बताए । कपिलवस्तुले नेपाललाई संसारमै चिनाएको बताउँदै कपिलवस्तु ऐतिहासिक ,पुरातात्त्विक हिसाबले पनि भरिपूर्ण जिल्ला भएकोले ५ नम्बर प्रदेशको राजधानी कपिलवस्तुको विकल्प नभएको बताए।

### वीरगंज महानगरपालिकाद्वारा कम्बल वितरण

वीरगंज। वीरगंज महानगरपालिकाका नगर प्रमुख (मेयर) विजय कुमार सरावगीले नगरका विभिन्न वडाहरूमा विभिन्न सामाजिक संघ-संस्थाहरूसँग सहकार्य गरी विपन्न वर्गमा कम्बल वितरण गरेका छन्। क्याल समूह नेपालको आर्थिक सहयोगमा वीरगंज महानगरपालिकाका मेयर सरावगीले महानगरको वडा नम्बर ३ छपकैया, १४ पिपरा र २५ सिरिसियाको चारवटा स्थानमा आइतबार विभिन्न विपन्न वर्गका व्यक्तिहरूलाई कम्बल वितरण गरेका छन्। जाडो र शीतलहरका कारण वीरगंजका विभिन्न स्थानहरूमा साँझ बिहान जनजीवन प्रभावित हुन थालेपछि त्यो अवस्थालाई मध्यनजर गर्दै वीरगंज महानगरपालिकाको कार्यालयले कम्बल वितरण गरेको मेयर सरावगीका सचिवालयका स्वकीय सचिव तबरेज अहमदले जानकारी गराए।

### अत्यधिक चिसोको कारण छ जनाको मृत्यु

बाँके। तराई-मधेशका विभिन्न जिल्लामा बुधबार अत्याधिक चिसोका कारण छ जनाको मृत्यु भएको छ। बाँकेको कोहलपुर नगरपालिका-४ बेलनपुर बस्ने ४६ वर्षीय करिङ्ग थारू र सोही नगरपालिका-४ किरणनाला बस्ने ६४ वर्षीय नन्दबहादुर बोगटीको चिसोको कारण बुधबार मृत्यु भएको छ। यस्तै, रौतहटको यमुनामाई गाउँपालिका-५ झुनखुनुवा बस्ने ६० वर्षीया सियादेवी ठाकुरको आफ्नै घरमा सुतिरहेको अवस्थामा चिसोको कारण मंगलबार मृत्यु भएको छ भने रौतहटकै गढीमाई नगरपालिका-७ धनाडी बस्ने ६५ वर्षीय भिक्षु ठाकुर हजाम आफ्नै घरमा सुतिरहेको अवस्थामा चिसोको कारण बुधबार मृत्यु भएको छ। यसैगरी, पर्साको जिराभबानी गाउँपालिका-१ चमरी बस्ने ३५ वषीय शम्भु महरा चमार र सोही गााउँपालिका-१ पकडीटोल बस्ने ६० वर्षीय कमल खवास थारू आ-आफ्नै घरमा सुतिरहेको अबस्थामा चिसोले कठ्याङग्रिएर बुधबार मृत्यु भएको छ।

### जनकपुरधाममा प्रदेशस्तरीय महोत्सव हुने

जनकपुरधाम। जनकपुरधाममा प्रदेशस्तरीय महोत्सव हुने भएको छ। प्रदेश नं २ स्तरीय कृषि, पर्यटन, औद्योगिक व्यापार मेला तथा जनकपुर महोत्सव-२०७४ आगामी माघ २७ देखि फागुन १० गतेसम्म हुने भएको छ। नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं २ को आयोजनामा तिरहुतिया गाछीमा सो महोत्सवको नारा 'कला संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उद्योग तथा व्यापारको प्रवर्द्धन' हुनेछ। महोत्सवबाट जनकपुरलाई पर्यटकीय नगरी बनाउने, धार्मिक- आन्तरिक पर्यटक र विदेशी पर्यटकलाई आकर्षित गर्ने वातावरण बनाउने, कृषि-औद्योगिक उत्पादन- स्थानीय घरेलु- कुटिर र वनजन्य उत्पादनलाई सहज रूपमा बजार पुऱ्याउने र स्थानीय तहमा नागरिकलाई स्वरोजगारको अवसर उपलब्ध गराउने लक्ष्य राखिएको छ।

### वार्षिक साधारण सभा सम्बन्धी छलफल

रौतहट। द सहारा लोन सेविंग्स को-आपरेटिव सोसाइटी लिमिटेड मलंगवा सर्लाहीको २१औं वार्षिक साधारण सभा सम्बन्धी छलफल कार्यक्रम गौरमा सेवा केन्द्र रौतहट गौरको आयोजनामा सम्पन्न भएको छ। प्रकाश सिंहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संचालक समितिको उपाध्यक्ष तपेश्वर चौधरीले कार्यकारी अध्यक्ष नागेन्द्र कुमार यादवले त्यार परेको आर्थिक वर्ष २०७३।२०७४ को प्रतिवेदन सार्वजनिक गर्दै द सहारा सस्था सहकारी सस्था मध्येमा सवै भन्दा बलियो रहेको बताएका छन्। २५ हजार देखि आफनो कारोबार शुरू गरेको द सहाराले अहिले अर्बौंको कारोबार गरेको बताए। उपाध्यक्ष चौधरी सहभागी शेयर धनिहरूले राखेको गुनासो ,जिज्ञासाको समाधान गर्दै शेयर धनिको हितको ध्यानमा राख्दै संचालक समिति आफ्नो कार्य अगाडि बधाई रहेको विश्वास व्यक्त गरे।

# मुलुकलाई कुशल नेतृत्वको आवश्यकता छ



सिताराम कट्टेल 'धुर्मुस'
कलाकार तथा समाजसेवी

**० तपाईं समाजसेवातिर लाग्नुको कारण के होला ?**

– म पेशाले कलाकार हुँ । यसलाई निरन्तरता दिँदै अगाडि बढ्छु । देशमा भूकम्पसहितका समस्या पर्दा हामी सामाजिक अभियन्ताका रूपमा पनि काम गर्न थालेका हौं । समयले हामीलाई समाजसेवी बनाएको छ । दुःख र पीडामा रहेका नेपालीहरूको सेवा गर्दा जुन आनन्द मिलेको छ, त्यो आनन्दका कारण पनि हामी अगाडि बढिरहेका छौं । मुख्य रूपमा भूईचालोले धेरै पाठ सिकाएको छ । भूईचालोका कारण हामी सबै सडकमा पुगेका थियौं । के रिस गर्ने, के डाहा गर्ने, के लोभ गर्ने यी सबै कुरालाई त्याग्दै समग्र राष्ट्रको निर्माणमा अगाडि बढ्नुपर्छ । गरिब, दुखी, असहाय, अशक्तको सेवामा लाग्नुपर्छ । अझ् विपद्मा परेका बेला एक नेपालीले अर्को नेपालीलाई सहयोग गर्नुपर्छ । मानवीय धर्म नै यही हो भन्ने अनुभूति भएपछि हामी निरन्तरता सामाजिक कार्यमा अगाडि बढेका हौं । समाज एकीकरण गर्नुपर्छ । राष्ट्र निर्माण गर्नुपर्ने भिारा हामी सबै नेपालीको हो । सबै मिलेर देश बनाउनुपर्छ भन्ने सोचाइ जागृत भयो । शायद यो भावना प्रत्येक नेपालीका हुन् । समग्र समाजलाई सुन्दर बनाउने प्रत्येक नेपालीको परिकल्पना हो । जो पीडामा छन् वा जो पुस्तौंदेखि पीडा छन्, उनीहरूलाई सहयोग गर्नुपर्छ । सक्षमले असक्षमलाई सहयोग गर्नुपर्छ भन्ने भावना हामीमा पलायो । त्यहीअनुरूप हामी अगाडि बढेका हौं ।

**० समाजसेवीका रूपमा तपाईं मधेशमा बढी चर्चित हुनुहुन्छ । फरक समुदायका भएर पनि मधेशमा सेवा गर्नुपर्छ भन्ने सोच कसरी आयो ?**

– सद्भावका लागि पनि मैले काम गरेको हुँ । हिमाल, पहाड र तराईमा हामीले बस्ती बनायौं । देशलाई एकताको खाँचो छ । हामी जहाँ जन्मे, हुर्केपनि हामी नेपाली हौं । म हिमाली जिल्ला सोलुखुम्बुमा जन्मेको मानिस हुँ । तराईको झापामा हुर्के । यो हिमालको, पहाडको र मधेशको मान्छेभन्दा पनि समग्र नेपालको सोच राख्नुपर्छ । नेपाली भन्ने पहिचानलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउनुपर्छ । हिमालमा पनि पीडा छ, पहाडमा पनि पीडा छ, तुलनात्मक रूपमा मधेशमा अझ् बढी पीडा छ । चेतना र शिक्षाको अभावमा पनि पीडा बढेको देखिन्छ । मानिसलाई चाहिने विकास हो । विकासका कुराहरू परिपूर्ति गर्ने हिसाबमा हामी मात्र आवाज बोकेर अगाडि बढेका हौं । सन्देश प्रवाह गर्नका लागि अगाडि बढेका हौं । सद्भावका लागि काम गरिरहँदाखेरी महोत्तरीको बर्दिवासमा एकीकृत नमूना मुसहर वस्ती बनाएपछि नेपालको चिनारीलाई अन्तर्राष्ट्रियस्तरमा अझ् बढी पहिचान दिलाउन सफल भएका छौं । त्यसैबेला अबिरल वर्षा भयो, तराई डुब्यो, मानवीय क्षति भयो, मानिसहरू छट्पटाइरहेको अवस्था थियो । राहतको आवश्यकता महसुस गरी धुर्मुस सुन्तली फाउन्डेसनको नेतृत्वमा उद्धारमा खटेका थियौं । तराई वर्षेनी डुब्ने गरेको छ । खोला नदी किनारका मानिस विस्थापित हुनुपरेको छ । त्यसकारण सुरक्षित स्थानको पहिचान गरेर वस्ती विकास गर्न सकियो भने यसको किसिमको जोखिमबाट बच्न सकिन्छ ।

**० समुदायबीच फाटो हाल्ने गरी केही नेताहरूबाट अभिव्यक्ति आइरहेका बेला तपाईं समाजसे ागर्न मधेश प्रवेश गर्नुभएको थियो । किन नि ?**

– हो । मधेशी र पहाडीभन्दा पनि हामी नेपाली हौं । सद्भावका लागि पनि काम गर्न आवश्यक थियो । पीडितको पीडामा मलमपट्टी लगाउन लागि परेका हौं नि । तराईमा वर्षोदेखि पीडामा रहेका समुदाय छन् । अहिले तराईमा शीतलहर चलेको अवस्था छ । चिसो झ्नझन् बढेको अवस्था छ । मानिसहरू कठ्याङ्ग्री रहेका छन् । मानिसहरू पाल र छाप्रामुनि छन् । जनजीवन हिजोका दिनभन्दा पनि कष्टकर छ । यस्तो बेलामा हामीले मानवीय धर्म निर्वाह गर्ने कि नगर्ने त ? यस्तो बेलामा हामी चाहीं यो जाति, यो ठाउँको, त्यो ठाउँको भनेर टिकाटिप्पणी गर्ने कि सहयोग गर्ने ? हामीले यो धर्तीमा जन्मेको सार्थकता तुल्याउनका लागि कोशेढुंगाका रूपमा काम गर्नुपर्छ । नेपालीको भावना जोडिनुपर्छ ।

**० सद्भाव कायम गर्ने कार्यमा कत्तिको सफल भएको महसुस गरिरहनुभएको छ ?**

हामी सरसफाइ अभियान लिएर सचेतना जगाउन गइरहँदा मधेशमा आन्दोलन चलिरहेको थियो । यस्तो बेलामा पनि आन्दोलनमा रहेका तराईबासीले सरसफाइमा साथ दिएका थिए । हामी सबै मिलेर सरसफाइ अभियान सफल बनाएका थियौं । यो कार्यबाट पनि के आभाष हुन्छ भने मानिसलाई विकास आवश्यक छ । त्यसपछि हामी बर्दिबासमा मुसहर बस्ती निर्माणमा जुट्यौं । कुनै पनि दिन कसैले पनि हामीलाई बाधा अड्चन गरेनन् । हामी सफल पनि भयौं । त्यहाँ धुर्मुस सुन्तली कलाकार भनेर त्यति धेरैले हामीलाई चिनेका पनि छैनन् । तर, आज तराईबासीले धुर्मुस सुन्तली गरिबका घर बनाउने मानिस हुन् भनेर भन्छन् । यो कामले निकै राम्रो सन्देश पनि प्रवाह गरेको छ । नेपालीलाई परेको पीडामा एकले अर्कालाई सहयोग गर्नुपर्छ भन्ने वातावरण सृजना भएको छ । महोत्तरी र रौतहटको बस्ती निर्माणका क्रममा धेरैभन्दा धेरै सहयोग पहाडबाटै जुटेको छ । बस्ती निर्माण सफल हुनुपर्छ भनेर सबै तराईबासीले सहयोग गरेका थिए । यही त हो सद्भाव ।

**० तपाईं पहाड र मधेशका बासिन्दामा कस्तो समस्या पाउनुभयो ?**

– समस्या दुबै ठाउँमा छ । पहाडका दुर्गम ठाउँमा विजोग अवस्था छ । मान्छेले खानै नपाएको अवस्था छ । तराईमा पनि पिछडिएका समुदायको बस्तीमा जाँदा रून मन लाग्ने अवस्था छ । त्यसैले दुबै स्थानमा पीडा छ । यी पीडा हल गर्न सबै लागिपर्ने हो भने सजिलै हल गर्न सकिन्छ । पहाडमा विकास गर्न गाह्रो छ । तराईमा सहजै गर्न सकिन्छ । तर, पीडाको कुरा गर्ने हो भने दुबै तिर उस्तै छ ।

**० पहाडमा विकास गर्न भूगोलले बाधा गर्ने गर्छ । तर, तराईमा विकास गर्न कसले रोकेका होलान् ?**

– यसमा कुनै एक पक्षको दोष छैन । राज्यको समग्र संयन्त्रका कारण रोकिएको जस्तो लाग्छ । अस्थिर सरकारका कारण नै यस्तो भइरहेको छ । तराईका विकासका काम समयमा कार्यान्वयन हुन नसक्नु, पहाडका कामहरू पनि त्यसरी नै रोकिएका छन् । एउटा सरकार गठन हुँदा एउटा योजना हुन्छ । विकासको काम कार्यान्वय गर्ने बेलामा अर्को सरकार विघटन हुन्छ । फेरि अर्को सरकार बन्छ । अनि पहिलेका योजना भताभुंग हुन्छ । फेरि अर्को योजना बन्छ । यी सबै कारणले गर्दा विकास हुन नसकेको हो । त्यसैले स्थायी सरकारको आवश्यकता छ । स्थायी सरकार बनेपछि हिमाल, पहाड र तराईका सबै समस्या समाधान हुन्छ । समस्याको समाधान भएन भने कहिल्यै पनि देश बन्दैन ।

**० यो देशमा नेताहरूले अरूको पिठ्युँ चढेर खोला तर्छन्, तर तपाईं अरूलाई पिठ्युँमा राखेर खोला तार्नुहुन्छ । यस्ता तस्वीरहरू पनि देखिन्छन् । भनेपछि यो देशमा नेताको आवश्यकता छ कि समाजसेवीको ?**

– यो देशलाई कुशल नेतृत्वको आवश्यकता छ । सबै जनताको भावना बुझ्ने कुशल नेतृत्वको आवश्यकता छ । समाजसेवाले मात्र मुलुक परिवर्तन हुँदैन । मुलुक राजनीति क्षेत्रबाटै परिवर्तन हुने हो । राजनीतिबाटै देश बन्ने हो । राजनीति स्थिर नभएकै कारणले हामी जस्ता अभियन्ताहरूले निरन्तर काम गरिरहका छन् ।

**० राजनीतिकर्मीमा समाजसेवीबाला गुण नदेखिएको हो ?**

– सबै गुणले भरिपूर्ण मानिस नै राजनेता हो ।

**० तर, त्यस्तो पाइएको छैन नि ?**

– त्यस्तो नपाउनुको एउटै कारण छ, अस्थिर राजनीति । स्थायी सरकार नभएकै कारणले यस्तो भएको हो । त्यसैले स्थायी सरकार होस, प्रकृतिले कहिल्यै विपत्ति नदिओस भन्ने कामना गर्नुपर्छ । आफ्नो स्वार्थभन्दा समग्र राष्ट्रको हितका लागि काम गरोस् । सबै नेपालीलाई एउटै मालामा गास्न सकोस् । कुनै विपद् पर्दा त्यहाँ सरकार पहिला पुगोस् । तर, यहाँ के भइरहेको छ भने पहिला अभियन्ता पुग्छन्, त्यसपछि सरकार । राज्यको संयन्त्रका कारण यस्तो भइरहेको छ । सरकारले आज कुनै निर्णय गऱ्यो भने भोलि नै कार्यान्वयन तहमा पुग्ने अवस्था छैन । किन भने सबै संयन्त्र पार गर्नुपर्ने हुन्छ । त्यसकारण सरकारी संयन्त्रको प्रणालीमा नै परिवर्तन आवश्यक छ ।

**० शीतलहरमा सरकारी संयन्त्रले गरेको काम कस्तो लाग्यो ?**

– सरकारले कहाँ कसरी काम गरिरहेको छ भन्ने कुरा सबै ठाउँको हेर्न सम्भव छैन । सरकारले आफ्नो हिसाबले गरिरहेको होला । जहाँसम्म शीतलहरको कुरा छ । शीतलहर हरेक वर्ष भइरहेको छ । मानवीय क्षति हुँदै आएको छ । बाढीबाट क्षतिको अवस्था पनि उस्तै छ । त्यसैले यस्ता विपद् न्यूनीकरणका लागि दीर्घकालीन योजना भएन । विस्थापितका लागि सुरक्षित स्थानको पहिचान गरेर बस्ती विकास गर्नुपर्छ । शीतलहरका बेला कत्ति मानिस गरिबीको रेखामुनि छन्, कत्तिसँग कपडा छन्, लगायत कुराको पहिल्यै जानकारी लिएर पूर्वतयारी हुनुपर्छ । अब शीतलहर आयो, मानिस कठ्यांग्रिएर मृत्युको मुखमा पुग्न थालेपछि हड्बडाएर काम गर्ने गरिएको छ । त्यसैले पूर्वतयारी अवाश्यक छ ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

## संक्षिप्त समाचार

### पुरातात्विक संरचना भेटियो

मणि प्रसाद गैह्रे, कपिलवस्तु । तौलिहवामा बाटो बनाउने क्रममा पुरातात्विक संरचना भेटिएको छ । कपिलवस्तु नगरपालिका- ३ सिद्धार्थ टोलमा पुरातात्विक संरचना भेटिएको हो । आँखा अस्पतालको छेउदेखि उत्तरतर्फ एक्साभेटरले बाटो खन्नेक्रममा सोमवार बिहान १० बजेतिर ईटाले बनेको पुरातातिवक संरचना भेटिएको स्थानीय गुनाखर गैरेले बताए । हुम बहादुर कुवर र मनोज श्रीवास्तवको जग्गामा बाटो बनाउनेक्रम ईटाका संरचनाहरू भेटिएको गैरेले बताए । फुटेका माटाका घैटाका टुक्राहरू समेत भेटिएका छन् । संरचना बाटो र बाटोका पुर्व तर्फ फैलिएको छ ।

### सहकारीको क्षमता अभिवृद्धि तालिम सम्पन्न

नेपालगन्ज । नेपालगन्जस्थित गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले संस्थामा कार्यरत कर्मचारीहरूलाई एकदिने क्षमता अभिबृद्धि तालिम सम्पन्न गरेको छ । गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख डम्मरमान श्रेष्ठले संस्थाको सामाजिक तथा आर्थिक बिकासका लागि कर्मचारीहरूले संस्थाको परिचय, विश्वास, भावी ५ बर्षमा संस्था कहाँ पुग्ने लगायतका बिषयमा जानकारी दिएका थिए । गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. नेपालगन्ज बाँकेका सचिब तथा शिक्षा उपसमिति संयोजक मो. ईरफान हलवाईको अध्यक्षतामा भएको हो ।

### बलात्कारको आरोपमा पक्राउ

रौतहट । बालिकाको बलात्कारको अभियोगमा फरार रहेका एक जना प्राविधिक सहायकलाई प्रहरीले पक्राउ गरेको छ । १४ वर्षीया किशोरीलाई बलात्कार र अपहरण गरेको आरोपित रौतहट जिल्लाको ईशनाथ नगरपालिका वार्ड नंबर ३ औरैयाको प्राविधिक सहायक शम्भू यादवलाई पर्सा प्रहरीले वीरगंज महानगरपालिका वार्ड नंबर ८ बाट पक्राउ गरेको हो । पक्राउ परेका यादव विरूद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा जवर्दस्ती करनी र अपहरण मुद्दाको उजुरी परेको छ । उजुरी परेको आधारमा यादवलाई पक्राउ गरिएको पर्सा प्रहरी प्रमुख डाक्टर गणेश रेग्मीले जानकारी दिएका छन् । यादवलाई अनुसन्धानको लागि रौतहट प्रहरीको जिम्मा लगाइने रेग्मीले बताएका छन् ।

### चिसोका कारण एकै दिन तीनको मृत्यु

रौतहट । रौतहट जिल्लामा अत्यधिक बढेको चिसोको कारण एकै दिन थप तीन जनाको मृत्यु भएको छ । रौतहटमा चिसोबाट मृत्यु हुनेको संख्या १२ पुगेको छ । चिसोले गर्दा स्थानीय गुजरा नगरपालिका वार्ड नंबर ७ पलटुवा निवासी ४२ वर्षीया महिला फूल कुमारी देवी पासवान, राजदेवी नगरपालिका वार्ड नंबर ९ ब्रह्मपुरी निवासी ७४ वर्षीय बृद्ध अलख प्रसाद सिंह र दुर्गा भगवती गाउँपालिका वार्ड नंबर ५ निवासी ६० वर्षीया महिला चकली देवी पासवानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### बसको ठक्करबाट साइकलयात्रीको मृत्यु

कैलाली । बसको ठक्करबाट साइकलमा सवार एक महिलाको मृत्यु भएको छ । लम्कीचुहा नगरपालिका-१ बसपार्कमा ना.५ ख ७६९२ नम्बरको बसले सोमबार ठक्कर दिँदा गम्भीर घाइते भएकी सोही नगरपालिका-१ भुरूवा बस्ने २५ वर्षीया साईकलयात्री धौली खनालको मृत्यु भएको थियो । उपचारको लागि लालरत्न अस्पताल लम्कीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ । उक्त बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्र्याक्टर दुर्घटनामा एकको मृत्यु

मोरङ । मोरङको उर्लाबारी नगरपालिका-१ स्थित भित्री सडकखण्डमा ट्र्याक्टर दुर्घटना हुँदा त्यसका सहचालकको मृत्यु भएको छ । टाँडीबाट किसानचोकतर्फ आउँदै गरेको को१त ९७१६ नंको ट्र्याक्टर आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा सहचालक उर्लाबारी-४ बस्ने २५ वर्षीय दीप माझीको मृत्यु भएको हो । दुर्घटनामा परेर गम्भीर घाइते भएका माझीको उपचारका क्रममा स्थानीय मंगलबारे अस्पतालमा मृत्यु भएको हो । ट्र्याक्टरलाई नियन्त्रणमा लिए पनि त्यसका चालक फरार रहेकाले खोजी भइरहेको छ ।

### टोल सुधार समिति गठन

वीरगन्ज । वीरगञ्ज महानगरपालिका वडा नं १६ नगवामा स्थानीयहरूको सक्रियतामा बौद्धी माई टोल सुधार समिति गठन भएको छ । समितिको बसेको बैठकले स्थानीय नरेश यादवको अध्यक्षतामा ११ सदस्यीय समिति गठा गरेको छ । समितिका उपाध्यक्षमा चन्द्रिका साह, सचिवमा राम जिनिस चौरसिया, सह सचिवमा रामबालक कुर्मी, कोषाध्यक्षमा जयनारायण पाल लगायतका रहेका छन् । सदस्यहरूमा श्याम बिहारी कुर्मी, मुकेश चौरसिया, दिनेश गुप्ता, रविन्द्र पटेल, रवि गुप्ता, भोला साह लगायतका रहेका छन् । टोलमा रहेका समस्याहरूको पहिचान गरि सामाधानका निम्ति पहल गर्ने अध्यक्ष नरेश यादवले बताए ।

### गौतमबुद्ध मुटु अस्पतालमा इको मेसिन जडान

बुटवल । गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवलमा नेपालमै पहिलो अत्याधुनिक इको मेसिन जडान भएको छ । ल्भ ज्भबतिजअबचभ, ग्क्ब को ख्खषम भ ढछ मोडलको ईको मेसिन २ करोडको लागतमा नेपालमै पहिलोपल्ट मुटु अस्पतालमा जडान गरिएको अस्पतालद्धारा शुक्रवार पत्रकार सम्मेलन गरी जानकारी दिईएको हो । यो मेसिनले मुटु रोगीहरूको उपचारमा थप सहयोग पुग्ने गौतमबुद्ध सामुदायिक स्वास्थ्य संस्थाका अध्यक्ष एजाज आलमले जानकारी गराए । दुई करोड मुल्य पर्ने सो मेसिनको प्रयोगबाट धेरैभन्दा धेरै बिरामीको उपचार तथा जटिल प्रकारका परिक्षणहरू पनि हुने उनको दावि छ ।

### महिला मृत फेला

धनुषा । जनकपुर उपमहानगरपालिका-८ स्थित सार्वजनिक शौचालय नजिक सोही ठाउँको रामानन्द चोकमा तरकारी बेच्ने काम गर्ने एक महिला मृत फेला परेकी छन् । महोत्तरीको लोहारपट्टी नगरपालिका-४ का ४६ वर्षीय रतिया यादव शनिबार मृत अवस्थामा फेला परेकी छन् ।

### फोटोग्राफर सम्मानित

कैलाली । दुर्गम र अभावको खानी मात्रै भनिने सुदूरपश्चिमलाई फोटोग्राफीका माध्यमबाट यहाँको वास्तविकता संसारसामु उजागर गर्ने व्यक्तित्वलाई सम्मान गरिएको छ । नेपाल फोटोग्राफर्स एसोसिएसन कैलालीको पाँचौं जिल्ला अधिवेशनको अवसरमा उनीहरूलाई शनिबार धनगढीमा सम्मान गरिएको हो । यसरी सम्मानित हुनेहरूमा धनगढीका गिरिराज खतिवडा, गौरीगंगाका वीरेन्द्र सापकोटा, फूलबारीका रामप्रसाद शर्मा, लम्कीका केदार भण्डारी र अत्तरियाका राजेन्द्रबहादुर कुँवर श्रीमान-श्रीमती रहेका छन् । उनीहरूलाई दोसल्लासहित प्रमाणपत्र प्रदान गर्दै सम्मानित गरिएको थियो ।

### पाँच सञ्चारकर्मी सम्मानित

विराटनगर । सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले मंगलबार विराटनगरमा पाँच सञ्चारकर्मीलार्य सम्मान गरेका छन् । नेपाल प्रेस यूनियन तथा सम्मान समर्पण कार्यक्रममा शैलजा आचार्य स्मृति पत्रकारिता पुरस्कारबाट न्यू सृष्टि दैनिकका सम्पादक शंकर खरेल, उद्घोष दैनिकका पत्रकार विक्रम निरौला र उर्लाबारीका पत्रकार रूपेन्द्र शर्मालाई सम्मान गरिएको थियो । सो अवसरमा पुरस्कृत पत्रकारलार्य सम्मानपत्रका साथै जनही १५ हजार रूपियाँ प्रदान गरिएको थियो । त्यस्तै, सोही अवसरमा मन्त्री बस्नेतले रमाप्रसाद-मायादेवी रिजाल पत्रकारिता पुरस्कार बाट मकालु टेलिभिजनका पत्रकार अभयकुमार राई र पत्रकार भारती उपाध्यायलाई सम्मान गरेका हुन् ।


## सूचना ! सूचना ! सूचना !

**नेपाल सरकारले 'राष्ट्रिय भू-उपयोग नीति २०७२' जारी गरी सकेकाले सो बमोजिम भएको कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामग्री (ढुंगा, बालुवा, गिटी) उत्खनन् क्षेत्र र आवश्यकता अनुसार जोडिएका अन्य क्षेत्रहरू वर्गीकरण अनुसार उपयोग गरी देशलाई हुन सक्ने खाद्य संकटबाट बचाऔं साथै जोखिम क्षेत्रमा बसोबास नगर्ने बानी बसालौं ।**

**पुनश्चः यस आयोजनाबाट उत्पादन गरिएका ७५ जिल्लाहरूका १:५०,००० माननपाका र केही गा.वि.स./न.पा.हरूको १:१०,००० माननपाका भू-उपयोग नक्सा/डाटा बिक्री भइरहेको समेत जानकारी गराइनछ ।**

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
**राष्ट्रिय भू-उपयोग आयोजना**
मध्य बानेश्वर, काठमाडौं ।
फोन नं. : ०१-४४९२४५२/४४९२४५३



## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

# प्रदेश २ को राजधानी वीरगञ्ज हुनैपर्छ



सुरेन्द्र प्रसाद चौधरी

राजधानीको मामिलामा निष्पक्ष ढंगले हेर्ने हो भने प्रदेश नं. २ मा वीरगञ्ज एकमात्र महानगरपालिका हो। नेपालको राजश्वको स्रोत हेर्ने हो भने राज्यभरको ७५ प्रतिशत राजश्व संकलन त वीरगञ्ज नाकाबाट मात्रै हुन्छ। अन्य कुराहरू पनि हेर्ने हो भने वीरगञ्जमा धेरै मतदाता पनि छन् साथै प्रदेश नं. २ को एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल वीरगञ्जमा बन्दैछ। काठमाडौंको फास्टट्र्याक पनि नजिक पर्छ। अर्को कुरा के छ भने मधेश आन्दोलनको केन्द्रविन्दु नै वीरगञ्ज रहेको छ। नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज पर्सा र चितवनले ओगटेको छ। वीरगञ्जमा ठूला-ठूला होटलहरूका साथसाथै सरकारी कार्यालय पनि रहेको छ।

भारतको वाणिज्य महावाणिज्य दूतावास पनि वीरगञ्मा नै रहेको छ। औद्योगिक कोरीडोर पनि वीरगञ्जदेखि हेटौडासम्म छ। यी विविध कारणले गर्दा प्रदेश नं. २ को राजधानी वीरगञ्ज नै हुनुपर्दछ। यदी प्रदेश नं. २ मा पर्सा र बारा हटाइदिने हो भने प्रदेश नं. २ का कर्मचारीहरूलाई दिने तलब समेत प्रदेश नं.२ को सरकारसँग हुँदैन। समग्र प्रदेश नं. २ को आर्थिक भार बारा र पर्साले बोकेर हिड्नुपर्छ भने राजधानी चैं वीरगञ्जलाई किन नदिने ?

मधेश आन्दोलनको क्रममा सबैभन्दा ठूलो मानवीय क्षति, आर्थिक क्षति वीरगञ्जले नै बेहोर्‍यो। मधेश आन्दोलनको समयमा राजेन्द्र महतो, उपेन्द्र यादव जस्ता नेताहरू पटक-पटक वीरगञ्जमा आएर 'अगर मधेश आन्दोलन सफल होगी तो प्रदेश नं. २ का राजधानी वीरगञ्ज बनाई जाएगी' भनेर भन्ने तर अहिले आएर जनकपुर बनाउनुपर्छ भनेर कुन मुखले भन्न सकेको हो ? अहिले राजेन्द्र महतोजीले लज्जाजनक रूपमा जसरी भनिरहनु भएको छ, त्यो कुरा सुनेर बारा, पर्सा, रौतहटका जनतासबै छक्क परेका छन्। अहिले जुन राजधानीको माग वीरगञ्जबाट आन्दोलन भइरहेको छ यो हाम्रो संयुक्त आन्दोलन हो। यो आन्दोलनमा सर्लाही पनि सरिक हुने भनेर अहिले हाम्रो कुरा चलिरहेको छ। यो आन्दोलनमा बारा, पर्सा, रौतहटका हामी एक छौं।



एक मधेश एक प्रदेश बनाउने भनेर मध्य तराईका जनतालाई र पश्चिम तराईका जनतालाई ठग्ने काम मधेशवादी दलहरूले गरेका छन्। मधेशमा स्थिर सरकारको परिकल्पना गरेको भए आज यो अवस्था आउने थिएन।

भारतसँगको प्रमुख नाका सिम्रौनगढ पनि बारा र पर्सामा नै पर्छ। अर्को कुरा त वीरगञ्जलाई ठग्ने भनेपछि मधेशवादी दल नै हुन्। हामीले पहिलेदेखि नै भन्दै आएका छौं कि तराईमा तीन वटा राज्य हुनुपर्दछ। एउटा पूर्वमा, मध्यमा र अर्को पश्चिममा।

एक मधेश एक प्रदेश बनाउने भनेर मध्य तराईका जनतालाई र पश्चिम तराईका जनतालाई ठग्ने काम मधेशवादी दलहरूले गरेका छन्। मधेशमा स्थिर सरकारको परिकल्पना गरेको भए आज यो अवस्था आउने थिएन। तर मधेशवादी दलहरूले मधेशलाई प्रदेश नं. २ मा सिमित राखे।

यदि मधेशवादी दलहरूले राजधानी जनकपुर बनाए भयो भने अर्को आन्दोलन चर्किन्छ।

प्रदेश नं. २ को राजधानी जनकपुर किन नहुने भन्दा जनकपुरको स्थिति कमजोर छ। त्यहाँ राजश्व संकलनको स्थिति नै छैन। राजश्व संकलनसँग राजधानीको सम्बन्ध छ। नयाँ-नयाँ पूर्वाधारहरू बनाउनुपर्ने स्थिति छ। जनकपुर एउटा कुनामा छ। राजश्व संकलन, भौतिक पूर्वाधारको कुरा गर्ने हो भने वीरगञ्ज र जनकपुरलाई तुलना नै गर्न मिल्दैन। यदि जनकपुरको जानकी मन्दिर नहुँदो त त्यहाँ अरू राजधानी हुनका लागि लायक पूर्वाधार नै के छ र ?

जनकपुरमा त ठूला-ठूला कुरा गर्ने काम मात्र भयो। जहाँ जानकी मन्दिरको गुठीको जग्गा समेत मिचेर खाने मानसिकता भएको छ, त्यहाँ राजधानी कसरी बन्न सक्छ। त्यसैले जानकी मन्दिरलाई माइनस गर्दिने हो भने त जनकपुरमा त केही छँदै छैन।

हामी त वीरगञ्ज राजधानी बनाउनलाई नै संघर्ष गरिरहेका छौं। यो निरन्तर चलिरहन्छ। अब हामी एउटा प्रक्रियामा जान्छौं। यो आन्दोलन वीरगञ्ज राजधानी बन्ने कुरामा मात्र सिमित छैन, यो राजधानी बनाउने पनि संघर्ष हो र मधेशमा तीन वटा राज्य हुनुपर्दछ भन्ने पनि संघर्ष हो। अझ बारा र पर्साका केही साथीहरूले त के भनेका छन् भने यदि राजधानी जनकपुर हुन्छ भने बरू काठमाडौं नै ठीक हुन्छ। जनकपुर भन्दा काठमाडौंमा बस्न उपयुक्त हुन्छ भन्ने साथीहरू पनि छन्।

जनकपुरका नेता राजेन्द्र महतो आफै मधेश आन्दोलनको समयमा आएर वीरगञ्ज राजधानी हुन्छ भनेर यहाँका जनतालाई उचाल्ने अहिले आएर जनकपुर बनाउनुपर्छ भन्ने ? यो त भएन नि।

राजविराजलाई पनि राजधानी बनाउनुपर्छ भनेर आन्दोलन भयो भने वार्ता गरेर हल निकालिन्छ हुन्छ। समयन्व हुन्छ र कुराकानीका साथ कुरा अगाडी बढ्छ। हाम्रो प्रमुख मुद्दा भनेको वीरगञ्ज राजधानी हुनुपर्छ, तराईमा तीनवटा राज्य हुनुपर्छ, मधेश र मधेशीका अधुरा सपनाहरू पूरा गर्नुपर्छ भन्ने हो।

*(चौधरी नेपाली कांग्रेसका नेता हुन्।)*

*(कुराकानीको आधारमा)*

# मधेशको पीडा बुझ्दैन सरकारले



सुधा मिश्र

तराई, पहाड र हिमाल मिलेर नेपाल बनेको हो। तराईमा धेरै गर्मी हुने र हिमालमा धेरै जाडो हुने गरेको छ। पहाडको मौसम हिमाल र तराईको बीचको हुने गर्छ। छ ऋतुक मध्ये हेमन्त ऋतुको आगमनका साथ जाडोको शुरूवात हुन्छ अथवा तापक्रम ओरालो लाग्न थाल्छ। तापक्रम ओरालो लाग्नासाथ हामीलाई जाडो महशुस हुने गर्दछ र न्यानो तथा बाक्लो लुगाको आवश्यकता पर्छ।

जाडो मौसम तराईमा मात्रै होइन हिमाल र पहाडमा पनि भित्रिन्छ। हिमालमा तापक्रम न्यून हुँदा पानी समेत जम्न पुग्दछ। यही समयमा तराईमा केही वर्षयता देखि शीतलहर हुन थालेको छ। बाक्लो हुस्सु र शीतलहरको कारण तराईमा वर्षेनी धेरैको ज्यान समेत गएको छ। यो वर्ष पनि तराईको २२ ओटै जिल्लामा मानिसहरूको ज्यान चिसोको कारण गएको छ। सप्तरीमा १८ जनाले ज्यान गुमाइसकेका छन् भने सरकारले ६ जनाको मात्रै चिसोको कारण मृत्यु भएको बताएको छ।

सरकार किन जहिले पनि लापरबाहि गर्छ ? किन आफनो कमजोरी जहिले पनि लुकाउन खोजिरहन्छ। तराईमा हरेक वर्ष बाक्लो हुस्सु र शीतलहर हुने गर्दछ। यो एकाएक आएको होइन। यो कुरा सरकारलाई थाहा नभएको होइन। तापनि विपद न्यूनीकरणका लागि सरकारी प्रयासको पहल हुँदैन। किन यसको समाधान समयमै गरिदैन ? किन हरेक वर्ष बुढापाका र बच्चाको ज्यान गइ रहेको छ। यसको दिर्घकालीन समाधन तिर जानु के सरकारको दायित्व होइन। भित्री मधेश जहाँ गरिबीले मानिसलाई दुई छाक खानको लागि समस्या छ त्यहाँको मानिसले



कसरी र कहाँबाट आफ्नो लागि बाक्लो कपडाको जोहो गर्न सक्छन्। उनीहरूको जाडो घुर तापेर नै बित्ने गर्छ। उनीहरूको घुरको सहायतामा नै आफ्नो ज्यानलाई तातो बनाउँछन्।

तराईमा धेरै जनाले आफ्नो घर र परिवार रिक्शा चलाएर पालिरहेका हुन्छन्। यी यस्तो शीतलहरमा कसरी चलाउलान् रिक्शा र कसरी पाल्ने होला आफ्नो परिवार ? उनीहरूको पीडादायी जीवन कसरी चल्दै होला भन्ने बारेमा कसैले सरोकार राखेको छ ? किन बुझ्दैन सरकार यी यस्ता नागरिकका पीडा ? दैवी प्रकोपको लागि छुट्याएको बजेटमा उनीहरूलाई न्यानो कपडा र उचित सामग्री समयमै वितरण गरिदिएको भए अहिले सरकारलाई झुटको सहारा लिनु पर्ने थिएन र यी निर्दोष नागरिकको ज्यान पनि जाने थिएन। जनतालाई सरकारको एउटा अभिभावकको अनुभव हुन्थ्यो। किन सरकारको नजरमा मधेशको पीडा देखिदैन ? किन मधेशीको पीडालाई बेवास्ता गरिन्छ पटक पटक ?

अहिले पनि मधेशमा राहतको सामग्री पुग्न सकेको छैन। उनीहरू यस्तो चिसो रात बिताउन घुरकै छेउछाउमा पुग्ने गर्दछन्। घुर भनेको घुर नै हो। अगाडी तिरबाट जीउ तातिरहेको हुन्छ भने पछाडिबाट चिसो नै हुन्छ त्यसकारण उनीहरूलाई चिसोबाट लाग्ने धेरै जसो रोग सजिलै समातेको हुन्छ। चिसोको कारण दम, निमोनिया, कोल्ड डाइरिया आदीले आम मधेशीलाई विरामी बनाएको हुन्छ। एउटा न्यानो कपडा वितरण गर्न नसक्ने सरकारले उनीहरूलाई औषधी कहाँबाट पुऱ्याउला त ?

## गुणस्तरीय शिक्षा बढाउनु पर्नेमा जोड

चन्दनकुमार यादव, राजविराज। शिक्षा सम्बनधी कार्य क्षेत्रका नीति, नियम तथा कार्यान्वयन गर्न गराउन स्थानीय तहमा शैक्षिक सुशासन स्थापित गर्न स्थानीय निकायलाई यहाँ ध्यानाकर्षण गराएको छ। शनिबार सामुदायिक विद्यालयको शैक्षिक उन्नयन तथा व्यवस्थापनमा स्थानीय तह र नेपाल शिक्षक महासँघ बिच सहकार्य सम्बन्धी एकदिने अन्तरक्रीया कार्यक्रममा १९ स्थानीय निकायका प्रमुखलाई ध्यानाकर्षण गराएको छ। जिल्लाका १८ लाई दिएको अधिकारको सवालमा आवश्यक गृह कार्य गरि स्थानीय तहमा जनप्रतिनिधहरूले सामुदायिक विद्यालयको शैक्षिक उन्नयन तथा ब्यवस्थापनमा शिक्षाको गुणस्तरीय सुधार ल्याउन आग्रह गरिएको छ। नेपाल शिक्षक महासँघ सप्तरीका अध्यक्ष फुलेश्वर मण्डलले शिक्षाको स्तरण सुधार सम्बन्धमा,शिक्षकको आबश्यक दरबन्दी ब्यबस्थापन तथा कर्मचारीको तलव भता,सेवा सुबिधा सम्बन्धमा,अधुरो रहेको लागत सहभागीताको भवन स्थानिय तहवाट सम्पन्न गर्ने सम्बन्धमा,शिक्षा मंत्रालय दारा नयाँ शिक्षा ऐन तथा नियमावली मस्यौदा तयार भईरहेको सन्दरभमा संघिय र प्रदेश स्थानिय कानुन नआए सम्म स्थानिय तहमा पनि यर्थास्थितिमा राख्ने सम्बन्धमा १९ बुदे ज्ञापन पत्र प्रस्तुत गरेको छ।

## फाउण्डेशनद्वारा कम्बल वितरण

सिरहा। अत्यधिक चिसो र शीतलहरका कारण पीडित बनेका दलित बस्तीमा धुर्मुस-सुन्तली फाउण्डेशनले सिरहाको कर्जन्हा नगरपालिका-७ प्रेमनगरका दलित परिवारलाई शनिबार ब्लाङ्केट वितरण गरेको छ। फाउण्डेशनले दलित बस्तीका ६५ घरपरिवारलाई न्यानो कम्बल वितरण गरेको हो। धुर्मुस-सुन्तली फाउण्डेसनबाट उपलब्ध गराएको ब्लाङ्केट कर्जन्हा नगरपालिकाका प्रमुख गंगा पासवान, वडा ७का वडाध्यक्ष जयकिशोर साहलगायतको उपस्थितिमा पत्रकार शैलेन्द्र क्रान्ति, दीपक मिश्र र रामनारायण महतोले संयुक्तरूपमा वितरण गरेका थिए।


नेपाल सरकार

कृषि विकास मन्त्रालय

उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP)

उच्चमूल्य कृषि वस्तुको बजारमुखी उत्पादनमा बृद्धि ! रोजगारी, गरिबी न्यूनीकरण र समावेशी आर्थिक समृद्धि !!
कृषि बीमा गरौं ! लगानीको जोखिमलाई न्यून गरौं !!

उच्च मूल्य कृषि वस्तु विकास आयोजना कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को ऋण तथा अनुदान सहयोगमा कृषि विकास मन्त्रालयद्वारा आ.व. २०६७/६८ देखि कार्यान्वयन गरिएको साढे सात वर्षे आयोजना हो। आयोजनाका कार्यान्वयन साझेदारहरू नेदरल्याण्डस् विकास नियोग (एस.एन.भी.) र नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्र रहेका छन्। आयोजना क्षेत्रका गबि जनता, विशेष गरी महिला तथा सीमान्तकृत समुहहरूलाई उच्च मूल्य कृषि वस्तु र गैह्र काण्ठ वन पैदावर तथा जडीबुटी जन्य वस्तुहरूको मूल्य श्रृंखला र बजारमा पहुँच पुऱ्याएर उच्च आम्दानी तथा रोजगारीको अवसर बढाउनुको साथै बजारको माग र अवसर अनुसार निजी कृषि व्यवसायीहरूसँग सम्झौताको आधारमा व्यवसाय चलाउने क्षमताको अभिवृद्धि गर्नु यस आयोजनाको उद्देश्य रहेको छ। यस आयोजनाले आयोजनाको कार्यक्षेत्र मध्ये पश्चिमाञ्चल विकास क्षेत्रको तीनवटा सडक खण्डहरू (छिन्चु-जाजरकोट, सुर्खेत-दैलेख र सुर्खेत-जुम्ला) आसपासका जिल्लाहरू सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, कालिकोट, जुम्ला र अछाम गी जम्मा ७ जिल्लामा ७ वटा मूल्य श्रृंखलाहरू (स्याउ, तरकारीको बीउ, अदुवा, बेसार, बेमौसमी तरकारी, खसी-बोका र टिमुर) को उत्पादन सामग्री आपूर्ति, उत्पादन, संकलन, प्रशोधन एवं बजारीकरणका कार्यहमा सहयोग गर्दै आइरहेको छ।

विस्तृत जानकारीको लागि

आयोजना व्यवस्थापन कार्यालय (PMU) सुर्खेत
सम्पर्क फोन : ०८३-५२००३८, ५२५५८४
फ्याक्स : ०८३-५२५४०३
टोलफ्रि नम्बर : १६६०८३५२४४

आयोजनाको सम्पर्क कार्या, मानभवन, ललितपुर
सम्पर्क फोन/फ्याक्स ९ ०१५५५२९७७
E-mail : infor@hvap.gov.np
Website : www.hvap.gov.np



शीत-लहरके समयमे ठण्ढीसँ लोकके मृत्यु सेहो भ" सकैत छै तएँ,

- धीयापूता, वृद्धवृद्धा, गर्भवती महिला आ बिमारके रेखदेखमे विशेष सर्तकता अपनबैत धीयापूताकें गरमाएल अवस्थामे रखबाक व्यवस्था करू ।
- ठण्ढीके कारण बिमार होइते स्वास्थ्य चौकी वा अस्पतालमे तुरन्त इलाजके लेल ल' जाउ ।
- शीत-लहरी चलल समयमे घरमे पोसल पशुपंक्षीके भरिसक खुला स्थानमे चराब' लेल नइ ल' जाउ । गोठमे राखिक' पर्याप्त घास पोआर आ दाना देवाक व्यवस्था करू ।
- ठण्ढीके कारण पशुपंक्षी बिमार भेलापर लगेके पशु चिकित्सालयमे तुरन्ते सम्पर्क क' इलाज कराब' ल' जाउ ।
- कोठली भितर आइग बाइरक' गरम कएलापर पर्याप्त धुँवा निकल' के अर्थात भेण्टिलेसनके व्यवस्था कर' के नई बिसरू ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## छिमेक वरपर...

# पूर्वराजा ज्ञानेन्द्र र युपीका मुख्यमन्त्री योगीबीच भेट

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले भारतको लखनऊ पुगेर उत्तर प्रदेशका मुख्यमन्त्री योगी आयित्यनाथलाई भेटेका छन् । भेटका क्रममा मुख्यमन्त्री आदित्यनाथले उपहारस्वरूप पूर्वराजा ज्ञानेन्द्रलाई अंग वस्त्र र कुम्भको लोगो प्रदान गरेका छन् ।

पूर्वराजा ज्ञानेन्द्र अघिल्लो सातादेखि सपरिवार मध्य तथा सुदूरपश्चिमका जिल्लाहरूको भ्रमणमा निस्किएका थिए । यसक्रममा केही दिन नेपालगञ्जमा रहेका पूर्वराजाले सोमबार लखनउ पुगेर आदित्यनाथसँग भेट गरेका हुन् ।

लखनऊस्थित आफ्नो सरकारी आवासमा नेपालका पूर्व नरेश ज्ञानेन्द्र शाहसँग भेट भएको भन्दै मुख्यमन्त्री आदित्यनाथले तस्वीरहरू ट्वीट गरेका छन् ।

आदित्यनाथले भेटमा अंग वस्त्र एवं कुम्भको लोगोका साथ भेट भएको बताएका छन् ।

अंगवस्त्र भनेको अंगमा लगाउने लुगालाई बुझिन्छ । तस्वीरमा आदित्यनाथले पूर्वराजा ज्ञानेन्द्रलाई सेतो रंगको दोसल्ला ओढाएको देखिन्छ ।

हिन्दु मान्यता अनुसार यस्तो अंगवस्त्र दान गर्नाले दातालाई आफूमाथि पर्ने दुःख कष्ट नास हुन्छ र शुख शान्ति मिल्छ भन्ने मान्यता छ ।

आधुनिक समाजमा पनि खादा वा दोसल्ला ओढाएर आगन्तुकहरूमाथि सम्मानभाव प्रकट गर्ने गरिन्छ ।



*पूर्वराजा ज्ञानेन्द्र शाहलाई उत्तर प्रदेशका मुख्यमन्त्री योगी आयित्यनाथ 'कुम्भ लोगो' प्रदान गर्दै ।*

पूर्वराजालाई योगी आदित्यनाथले प्रदान गरेको 'कुम्भ लोगो' को पनि खास अर्थ छ । योगी सरकारले प्रयागराज कुम्भको तयारीका क्रममा यो लोगो बनाएको हो । गत डिसेम्बर १३ मा अनावरण गरिएको यो लोगोको ट्यागलाइन छ, 'यूपी नही देखा तो इंडिया नहीं देखा ।' अर्थात, यूपी नदेखी इण्डिया देखिँदैन । पूर्वराजालाई उपहार दिइएको कुम्भ लोगोमा 'सर्वसिद्धिप्रदः कुंभ' लेखिएको छ ।

सन् २०१९ मा हुने कुम्भ मेलामा १२ करोड पर्यटक प्रयागमा उतार्ने योगी आदित्यनाथको महत्वाकांक्षी योजना छ । यस क्रममा प्रयोग हुने विज्ञापन, ब्यानर, होर्डिङ बोर्ड आदिमा यही कुम्भ लोगोको प्रयोग गरिने छ ।

# पाकिस्तान र अमेरिकाको सम्बन्ध जहिल्यै यस्तै

**मन्जुर अहमद**

बाँकी संसारमा जस्तै पाकिस्तानमा पनि मानिसहरू नयाँ वर्ष आ-आफ्नो औकातअनुसार मनाउने गर्छन् । बन्दुकका सौखिन आकाशतिर गोली चलाउँछन् । रक्सीका अम्मलीहरू महँगो-सस्तो पिएर आगामी वर्षको योजना बनाउँछन् । अल्लाहवालाहरू यी सबैलाई सराप दिन्छन् । लाग्छ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ वर्ष ट्विटरमै मनाए ।

पाकिस्तानी त अझै नयाँ वर्षको रातको ह्याङओभरबाट मुक्त हुँदै थिए कि ट्रम्पले ट्विट गरे– अमेरिकाले मूर्खतापूर्ण ढंगबाट पाकिस्तानलाई अर्बौं डलर दिएको छ तर पाकिस्तानले बदलामा धोकाबाहेक केही दिएन । मलाई फिल्म हिर-राँझाको त्यो दृश्य सम्झनामा आयो, जसमा सैद्दा बिहे गरेर हिरलाई घर ल्याउँछ र आफ्नो सुहागरातमा हिरबाट मार खान्छ । ऊ भन्छ कि मैले तिमीलाई १२ तोला सुन दिएको छु र तिमीले मलाई आउनासाथ समस्या पारिदियौ । ट्रम्पको ट्विटले पाकिस्तानका शासक वर्गमा खैलाबैला मच्चाइदियो । हाम्रा 'क्रान्तिकारी' मिडियाले आवाज उठाउन लागे कि अमेरिकालाई जोडदार जवाफ दिइयोस्, जसबाट ट्रम्पले आफ्ना बाबुका बिहे देखुन् । पाकिस्तानसित अरू केही होस् या नहोस्, तर रक्षा विशेषज्ञ र क्रान्तिकारी मिडिया भने निकै छन् । यहाँ मानिस घरबाट आधा किलो दही लिन जान्छ र घर फर्किउन्जेल ऊ जनरल बनिसक्छ र परिवारलाई भाषण दिन्छ कि 'जेनेरेसन फाइभ वार' कसरी लडिन्छ । पाकिस्तान र अमेरिका कहिले दाजु-भाइ बन्छन् भने कहिले जुनीजुनीका शत्रु । कहिले अँगालो हालिरहेका हुन्छन् भने कहिले एक-अर्कालाई आँखा तरिरहेका हुन्छन् ।

पाकिस्तानका शासक वर्गले पनि त्यही गरे, जुन उनीहरूले जहिल्यै गर्दै आएका छन् । उनीहरू उर्दूमा गर्जिए र अंग्रेजीमा कूटनीति गर्न लागे । सेनाका ठूला अधिकारी र रक्षा विशेषज्ञको सुरक्षा परिषद्ले भन्यो कि ट्रम्पले के बकवास गरे, हामीले यसलाई बुझ्न सकेनौं । अर्थमन्त्रीले भने– अमेरिकाले हाम्रो 'हुक्का-पानी' बन्द गर्न सक्दैन । किनकि, उनीहरूको डलरले त हाम्रो एक दिनको चिया-पानीको खर्च पनि धान्न सक्दैन । एक जनरलले त अमेरिका हाम्रो साथी हो, साथीसित के झगडा गर्नु भनेर कुरै सिध्याइदिए । यस्तो लाग्थ्यो कि कुनै पुरानो र शक्तिशाली मित्रले कसैलाई खुलेआम अपमानित गरोस् र अपमानित मित्रले उनको चिउँडो उचाल्दै भनोस्– छोड्देऊ यार, आखिर तिमी हाम्रै मित्र होइनौ र ?

पाकिस्तान र अमेरिकाको सम्बन्ध जहिल्यै यस्तै रह्यो । कहिले यी दुई दाजु-भाइ बन्छन् भने कहिले जुनीजुनीका शत्रु । कहिले अँगालो हालिरहेका हुन्छन् भने कहिले एक-अर्कालाई आँखा तरिरहेका हुन्छन् । अमेरिका भन्छ कि पाकिस्तानले आफ्नो साथ दोहोरो खेल खेलिरहेको छ । तर, पाकिस्तान आफ्ना मानिससितै दोहोरो खेल खेल्छ । एकातिर तालिवानविरूद्ध सैनिक अखडा दिन्छ र अर्कातर तालिवानको काँधमा हात पनि राख्छ । एक हातले अमेरिकी डलर समाउँछ र अर्कातिर मानिसलाई बताउँछ कि अमेरिका हामीसित जबर्जस्ती गर्छ । त्यसैले भन्न सकिन्छ– अमेरिका र पाकिस्तान दुवैले यस मित्रताबाट केही पनि कमाएका छैनन् । पाकिस्तानले आफ्ना सन्तानलाई मर्न बाध्य बनाएको छ । अमेरिका ३० वर्षअघि अफगानिस्तानलाई स्वतन्त्र गराउन आएको थियो । अफगानी नागरिकको तेस्रो पिँढी जवान भइरहेको छ, जसले युद्धबाहेक केही देखेकै छैन । टेलिभिजनमा त देख्नु नै भएको होला, जब हात्ती जुध्छन् तब धर्ती हल्लिन्छ । हात्तीको क्षति कमै हुन्छ । तर, जमिनमा उम्रेको घाँस भने बर्वाद हुन्छ । यिनै हात्ती जब प्रेम गर्न थाल्छन्, त्यतिखेर पनि बर्बादी जमिनको घाँसकै हुन्छ । यस्तो लाग्छ कि एउटा हात पाकिस्तानको चिउँडोमा र अर्को हात ट्रम्पको चिउँडोमा राखेर भनुँ– तिमीहरूको मित्रताबाट हाम्रो कुनै भलो भएन र तिमीहरूको दुश्मनी पनि हामीलाई मन पर्दैन । अब तिमीहरू आ-आफ्नो घर जाओ र आ-आफ्ना बालबच्चा सम्हाल ।

***एजेन्सी***

## पत्रपत्रिकाबाट...

### हास्य कलाकार सुनिल ग्रोबर काठमाडौंमा

काठमाडौं । भारतका हास्य कलाकार सुनील ग्रोबर नेपाल आएका छन् । नेपाल आएसँगै पशुपति नाथको दर्शनका लागि गएको तस्वीर उनले इन्स्टग्राममा पोस्ट गरेका छन् । सुनिल शिव सिमेन्ट कृति अवार्डमा सहभागी हुन नेपाल आएका हुन् । भारतको चर्चित शो द कपिल शर्मा शोका एक प्रमुख कमेडियन सुनीलसँग विवाद परेसँगै कपील शर्माका शो संकटमा परेको थियो । उक्त शो मा डाक्टर गुलाटी र गुथ्थी जस्ता पात्रको अभिनयकाका कारण सुनील निकै चर्चामा रहेका थिए ।

### मोदी र पुटिनबीच द्विपक्षीय वार्ता

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच विकास, साझेदारी र द्विपक्षीय सम्बन्धनका विषयमा कुराकानी भएको छ । क्रेमलिनका अनुसार टेलिफोनमा भएको कुराकानीमा जारी विभिन्न अन्तराष्ट्रिय मुद्दाको विषयमा छलफल भएको थियो । रूसी राष्ट्रपति पुटिनले भारतीय प्रधानमन्त्री मोदीलाई फोन गर्नुभएको थियो । दुई नेताले नयाँ वर्षको शुभकामना आदानप्रदान गर्नुका साथै दुई देशको विकासको साझेदारीको पतिबद्धता र रूस र भारतबीचको विशेष गरी सामरिक साझेदारीको विषयमा आगामी दिनमा पनि यसैगरी उच्चस्तरीय वार्तालाई निरन्तरता दिनेबारेमा पनि सहमति भएको बताइएको छ । क्रेमलिनद्वारा प्रकाशित विज्ञप्तिमा इन्डो-रूस सम्बन्धको ७० वर्ष पुरा भएको बताइएको छ । यी दुई देशबीच विगतदेखि नै द्विपक्षीय लगानीका साथै विकासका कार्यत्रहरूमा साझेदारी हुँदै आएको छ ।

### पत्रकारद्वय भारतमा सम्मानित

जनकपुरधाम । कलाकार तथा पत्रकारद्धय राजेश सक्सेना राजा सलहेश पुरस्कारबाट सम्मानित भएको छ । शनिवार भारतको मुङ्गेरमा आयोजित पासमान समुदायको बृहत एकता महासम्मेलनबाट सक्सेना सम्मानित भएको हो । महासम्मेलनमा सहभागी कलाकार तथा नेपाल भारतका विभिन्न व्यक्तित्व मध्ये नेपालबाट राजेश सम्मानित भएका हुन् । राजेश करिब एक बर्ष पहिले भारतकै झन्झारपुरमा आयोजित एक साँस्कृतिक कार्यक्रममा राजा सलहेशको गित र राजा सलहेशको नाचमा आधारित अभिनय गरेका थिए । उनको अभिनय दर्शकलाई अतिनै मन पराउनुको साथै लोप भईरहेको राजा सलहेशको गितलाई जिवन्त अवस्थामा ल्याउन आफ्नो तवरबाट लागिरहेकै कारण राजा सलहेश पुरस्कारबाट उनलाई सम्मान गरिएको हो । उनलाई ३१ हजार भारतिय नगद राशि र प्रमाण पत्र प्रदान गरिएको हो ।

**कृषि सडकको व्यापक विस्तार स्थानीय पूर्वाधार विकासको मूल आधार ।**

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR)

### पटनाबाट जनकपुरधाम र काठमाडौंका लागि बस सेवा सुरू हुने



काठमाडौं । सीताको जन्मभूमि जनकपुरधाम र काठमाडौंस्थित पशुपतिनाथधामको दर्शन गर्न श्रद्धालुहरूका लागि अब सजिलो हुने भएको छ । किनकि, पटना अथवा बोधगयाबाट नेपालको जनकपुरधाम तथा पशुपतिनाथका लागि सिधै सरकारी बस गुड्ने भएको छ । बिहारबाट नेपालका यी स्थलहरूका लागि बस सेवा शुरू गर्ने सहमति भएको छ । बिहारको परिवहन विभागले जनकपुरधाम तथा पशुपतिनाथका लागि छ परमिट जारी गरिएको छ । बिहार सरकारद्वारा जारी परमिट सडक वा परिवहन मन्त्रालयबाट स्वीकृति पाएपछि नेपाल सरकारसँग काउन्टर हस्ताक्षर हुने जनाइएको छ । नेपाल सरकारले पनि यसका लागि परमिट जारी गरेको छ । यसमा बोधगयादेखि पटना, मुजफ्फरपुर, मोतिहारी, रक्सौल हुँदै पशुपतिनाथका लागि एक परमिट जारी भएको छ । पटनाबाट मुजफ्फरपुर हुँदै जनकपुरका लागि पाँच परमिट स्वीकृत भएको छ ।

## जिल्ला समाचार

### मूर्ती निर्माण गर्न महाअभियान

कपिलवस्तु । नेपाल राष्ट्रका ऐतिहासिक प्रथम जगदगुरू अनन्तश्री विभुषित बालसन्तमोहन शरणदेवाचार्य महाराज श्री मेची देखि महाकाली पदयात्राकै क्रममा कपिलवस्तु पुगेका छन् । उनलाई कपिलबस्तुमा भव्य स्वागत गरीएको छ । स्वागत गर्न कपिलवस्तुको जमुवार पुलबाट कपिलबस्तुका प्रमुख जिल्ला अधिकारी मदन भुजेल, प्रहारी नयब उपरिक्षक प्रहलाद अधिकारी, शसस्त्र प्रहारी उपरिक्षक भगवान मल्ला लगयातका सर्बसाधरणले स्वागत गरेका थिए । देवाचार्य माहाराजले महाकली, शररदापीठ भम्केनीधाम, ७५ फिट अग्लो नेपाल आमाको मूर्ती निर्माण गर्न महा अभियान थालिएको बताएका छन् । कार्यक्रममा तौलिहवा तौलेश्वरनाथ शिवजी मन्दीरका अध्यक्ष बनारसी बर्माको अध्यक्षता, नेपाल राष्ट्रका ऐतिहासिक प्रथम जगदगुरू अनन्तश्री विभुषित बालसन्तमोहनशरणदेवाचार्य महाराज श्रीको प्रमुख अतिथ्यता, प्रमुख जिल्ला अधिकारी मदन भुजेलको विशिष्ट अतिथ्यतामा कार्यक्रम सम्पन्न भएको छ ।

### नेपाल रेडक्रस सोसाइटीद्वारा कम्बल वितरण

वीरगंज । केही दिनदेखि पर्सासहित तराई-मधेश क्षेत्रमा बढेको जाडो र शीतलहरलाई मध्यनजर गर्दै नेपाल रेडक्रस सोसाइटीको सहयोगमा रेडक्रस सोसाइटी धोविनी उपशाखाका सभापति तबरेज अहमदको टोलीले पर्सा जिल्लाको धोविनी गाउँपालिकाका विपन्नवर्गलाई कम्बल वितरण गरेको छ । जाडो र शीतलहरका कारण जिल्लाका विभिन्न स्थानहरूमा साँझ बिहान जनजीवन प्रभावित हुनथालेपछि त्यो अवस्थालाई मध्यनजर गर्दै नेपाल रेडक्रस सोसाइटी पर्साको सहयोगमा शुक्रबार अहमदको टोलीले धोविनी गाउँपालिकाको धोविनी, हरिहरपुर, गुलरिया लगयातका स्थानहरूको करिव १०० घरधुरीमा कम्बल वितरण गरेको छ ।

### ईटा उद्योगमा कार्यरत मजदुरको मृत्यु

रौतहट । रौतहट जिल्लाको सुकदेव चौक नजिक रहेको रामरहीम ईटा उद्योगमा काम गर्दै आएका एकजना मजदुर मृत अवस्थामा फेला परेको छ । रक्सी खाएर आफ्नो ओछ्यानमा सुतेका सर्लाही जिल्लाको गोडैता ५ निवासी ४४ वर्षीय नेक महमद मिया मृत अवस्थामा भेटेको हो । घटना स्थलबाट राक्सिको बोतल बरामद भएको हुँदा मियाको मृत्यु बढ़ी रक्सी सेवनको कारण हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान रहेको छ । ईटा बनाउने कार्य गर्दै आएको मियाको मृत्यु को सम्वन्धमा थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटको प्रवक्ता प्रहरी नायव उपरीक्षक रामकुमार दानीले बताएका छन् ।

### थारूलाई सरकारी कामकाजको भाषा बनाइने

दाङ । घोराही उपमहानगरपालिका र सबै वडा कार्यालयहरूमा आगामी माघ १ गतेदेखि थारू भाषालाई सरकारी कामकाजको भाषा बनाउने निर्णय गरेको छ । नगर कार्यपालिकाको बैठकले प्रथम नगरसभाबाट पारित गरेको नीति तथा कार्यक्रम अनुसार थारू भाषालाई सरकारी कामकाजको भाषा बनाउने निर्णय गरेको हो । थारू भाषाबाट आएका निवेदनहरू दर्ता गरी कार्य सम्पादन हुने छ भने कार्यालयहरूमा नगर प्रमुख नरूलाल चौधरीसहितका जनप्रतिनिधि र थारू समुदायका कर्मचारीहरू थारू सेवाग्राहीसँग आफ्नै भाषामा कुराकानी गर्ने छन् । नगर प्रमुख नरूलाल चौधरीको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकले कृषि शाखाबाट संचालित अनुदान कार्यक्रमका लागि परेका निवेदनको मूल्यांकन गरी छनौट गर्न आर्थिक समितिका संयोजक राममणि पाण्डेयको संयोजकत्वमा एक समिति गठन गरेको छ ।

### जाडोपीडितलाई कम्बल वितरण

चन्दनकुमार यादव, राजविराज । केही दिनदेखि बढेको अत्यधिक चिसोका कारण जनजीवन प्रभावित भएपछि स्थानीय प्रशासनले जाडोपीडितलाई कम्बल वितरण गरेको छ । एक हप्तामा अत्यधिक चिसोका कारण सप्तरीमा कठ्याङ्ग्रिएर दुई बालकसहित १७ जनाको मृत्यु भएपछि स्थानीय प्रशासनले जाडोबाट जोगिन कम्बल तथा राहतका सामग्री वितरण गर्न लागेको हो । सप्तरी प्रजिअ तथा दैवी प्रकोप उद्धार समितिका अध्यक्ष भगिरथ पाण्डेले अत्यधिक चिसोका कारण कठ्याङ्ग्रिएर मृत्यु भएको जाडोबाट जोगिन कम्बल वितरण गर्न लागेको बताए । प्रजिअ पाण्डे भने जिल्लामा ८ हजार भन्दा बढी स्थानीयलाई जाडोबाट जोगिन न्यानो कपडा, तथा कम्बल वितरण गरेको बताउँदै स्थानीय तहका प्रमुखहरूलाई जाडोबाट जोगिनका लागि सहयोग गर्न आग्रह गरेको बताए । सप्तरीका प्रमुख जिल्ला अधिकारी भगीरथ पाण्डेको नेतृत्वको टोलीले तीन वटा स्थानीय निकाय हनुमानगनगर कंकालनी नपा, तिलाठीकोईलाडी गाँउपालिका र महदेवा गाँउपालिको २ सय दलित बस्तीमा रेडक्रसको सहयोगमा कम्बल वितरण गरेको रेडक्रसका सदस्य दुर्गा प्रसाद साहले बताए ।

### रूपन्देही उद्योग संघमा चुनावी सरगर्मी

चन्द्रकान्त खनाल, रूपन्देही । ९ सय ८७ सदस्य रहेको रूपन्देही उद्योग संघको शनिवार हुने २०औं अधिवेशन अन्तर्गत आगामी नयाँ नेतृत्व चयन हुने भएपछि उद्योगीहरूमा चुनावी सरगर्मी बढेको छ । निर्वाचन समितिका अनुसार तोकिएको समय तालिकामा सबै पदमा उम्मेदवारी दर्ता भएको छ । जसअनुसार अध्यक्षमा बर्तमान वरिष्ठ उपाध्यक्ष गणेश प्रसाद अधिकारी र सल्लाहकार सुनिल श्रेष्ठको उम्मेदवारी परेको छ । यसैगरि वरिष्ठ उपाध्यक्ष्यमा बाबुराम बोहोरा र महेश थैवको उम्मेदवारी परेको जनाइएको छ । निर्वाचन समितिका संयोजक यमलाल खनालका अनुसार प्रथम उपाध्यक्षमा माधव प्रसाद पौडलको, कोषाध्यक्षमा शिवकुमार पाठकको तथा सहकोषाध्यक्षमा हरिबहादुर खबीको एकल उम्मेदवारी परेको छ भने द्धितिय उपाध्यक्षमा दिलिप सापकोटा र सावित्रा टण्डन, महासचिवमा कृष्णप्रसाद पराजुली र राजेन्द्र कार्की, सचिवमा जिवकान्त काफ्ले र कृष्णप्रसाद पौडेलको उम्मेदवारी परेको छ ।

### जनकपुरमा प्रेस मञ्चको बैठक हुने

जनकपुरधाम । प्रेस मञ्च नेपालको केन्द्रीय बैठक यही आउँदो माघ ५ र ६ गते जनकपुरमा हुने भएको छ । पूर्ण प्रेस स्वतन्त्रता, समावेशी प्रेस जगत र अधिकारका लागि साझा पत्रकार संगठन मूल नाराको साथ कार्य गर्दै आएको मञ्चको केन्द्रीय बैठकले विभिन्न उपसमिति एवं प्रदेश स्तरीय समिति निर्माण गरिने केन्द्रीय अध्यक्ष संतोष पटेलले बताए । संगठन विस्तार एवं समाजिक कृयाकलापसँगै देश एवं मधेशको जल्दो बल्दो अवस्थालाई हेरेर कार्यक्रम गर्दै आएको मञ्चले आफ्ना साथीहरूको कार्य मुल्यांकण एवं नेपाल पत्रकार महासंघको प्रदेश स्तरिय निर्वाचनमा समेत आफनो पकड बनाउने उद्देश्यले जनकपुरको केन्द्रिय बैठक महत्वपुर्ण हुने संस्थाले जनाएको छ । केन्द्रिय बैठकमा समितिका पदाधिकारी, केन्द्रिय कार्य समिति सदस्य एवं सम्पूर्ण शाखा अध्यक्षहरूको सहभागिता रहने छ । प्रेस मञ्च नेपालका केन्द्रिय उपाध्यक्ष बिन्द किशोर साह उर्फ किशोर गुरू एवं धनुषा शाखालाई व्यवस्थापनको जिम्मेवारी दिएको छ ।

### सूचना आयोगद्वारा अनुगमन निरीक्षण

धनगढी । राष्ट्रिय सूचना अयोगको टोलीले धनगढीस्थित दश सरकारी कार्यालयका क्रियाकलापबारे आज अनुगमन निरीक्षण गरेको छ । टोलीले जिल्ला प्रशासन, जिल्ला समन्वय समिति, जिल्ला प्राविधिक, कृषि विकास, शिक्षा, मालपोत र जिल्ला वन कार्यालय, धनगढी उपमहानगरपालिलगायत कार्यालयको निरीक्षण गर्दै केही कार्यालयले प्रत्येक तीन महिनामा आफ्ना गतिविधि प्रकाशन नगरिएको, सूचना अधिकारीको तस्वीर र सम्पर्क नंसहितको विवरण सार्वजनिक नगरिएको, कार्यालयमा उजुरी पेटिकाको व्यवस्था गरिए पनि सेवाग्राही जनताका तर्फबाट कार्यालयको कामकारबाहीका विषयमा उजुरी गरेको नपाइएको टोलीको नेतृत्व गरिरहेका थिए ।

### लागूऔषध नाइट्रोभेट सहित पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिकास्थित जमुना चेकपोष्टमा जाँच गर्नेक्रममा भारतको रूपडियाबाट नेपालगंजतर्फ आउँदै गरेका तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । रामेछापको गोकुलगंगा-२ बस्ने २० वर्षीय शिब केसी, बाँकेको नेपालगंज उपमहानगरपालिका-२० बस्ने १९ वर्षीय शोमराज शाही र सोही ठाउँ बस्ने १८ वर्षीय सुवर्ण थापालाई उनीहरूको साथमा रहेको लागूऔषध नाइट्रोभेट २ सय २५ ट्याब्लेट सहित शनिबार प्रहरीले पक्राउ गरेको छ ।

### ठक्करबाट वृद्धाको मृत्यु

मोरङ । मोरङको पथरी-शनिश्चरेमा स्कुटरले ठक्कर दिँदा गम्भीर घाइते भएका एक पैदलयात्री वृद्धको उपचारका क्रममा मृत्यु भएको छ । पथरी-शनिश्चरे नगरपालिका-१ स्थित शिखरचोकमा गत पुस ६ गते दिउँसो १ बजे बा ५४ प ४५८८ नम्बरको स्कुटरले ठक्कर दिँदा गम्भीर घाइते भएका पैदलयात्री सोही ठाउँ बस्ने ८५ वर्षीय लालबहादुर चौहानको गएराति उपचारका क्रममा नोबेल अस्पताल, विराटनगरमा मृत्यु भएको हो ।


जाडोले मधेशका स्कूलहरूको बन्द थपिदैंछ। मृतक संख्या बढ्दैछ। यो मौसम अपवाद हैन, न त सधैको भन्दा जाडो नै बढेको छ। तर, यो सत्य हो कथित २ न. प्रदेशको बहुआयामिक गरिबी भने ४७.८९५ पुगेको छ। जाडोले मृत्यु र बढ्दो गरिबीको सम्बन्ध खोजौ। **जेपी गुप्ता**


तीन ठूला दलका दुई नम्बरी नेताहरूले प्रदेशको राजधानी आफ्नो आँगनमा खडा गरेर मतदातालाई स्वर्गको सुख दिने झुटा बाचा गर्दै जनजनमाझ कलहको बीउ रोप्दा यी दलका नाइकेहरू कहाँ थिए ? जनजनमाझ द्वेष सिर्जना गरी संघीयतालाई बदनाम र बिफल तुल्याउन खोज्ने यी कसका प्रतिनिधि हुन् ? **खगेन्द्र संग्रौला**


प्रदेश दुईमा मैथली भाषालाई सरकारी कामकाजको भाषा बनाएर महाकवि विद्यापतीजीको सहि अर्थमा सम्मान हुने मेरो विश्वास रहेको छ। यो पाँच दिन सिरहामा विद्यापतीको स्मृतीमा व्यक्तित हुनेछन्। **विमलेन्द्र निधि**


तराईमा शीतलहर चलेपछि हिमालमा हिउँ खसेको खवर आईपुग्छ। हिमालय क्षेत्रमा भईराखेको बदलावको खवर किन उच्च स्वरमा सुनिदैन ? कतै हिमाली क्षेत्रवाट प्रतिनिधित्व हुने सांसदको संख्या कम भएर हो कि ? मधेश-हिमाल सम्बन्ध। **चन्द्रकिशोर**


नागरिक समाज, मधेशमा राज्यले ताकी ताकी छातीमा गोली हानिरहँदा हजुरहरूले किन बोल्नु भएन ? लाल आयोगको प्रतिबेदन सार्वजानिक गर्ने सबालमा यहाँहरूको धारणा के हो ? रेशम चौधरीलाई कैलालीबासीले जितायो तर राज्यले प्रमाणपत्र किन दिँदैन ? यसबारे कुनै प्रतिक्रिया ? **तुलानारायण साह**


मधेश यसकारण पनि स्वतन्त्र हुन जरूरी छ कि २ र ३ बहुमत ल्याएर पनि सरकार बनाउन, चलाउन र एउटा रेल गुडाउन समेत नपाउने गरी नेपाल ई. १८१६ देखि अभिशप्त छ। गाठो फुकाउँ, बाचौं र बाच्न दिउँ। **डा.सीके राउत**


यदि चिसोले मान्छे मर्ने भए सबभन्दा बढी मनाङ, मुस्ताङमा मर्ने थियो। मधेशमा गरिवि र अभावले मरिरहेका छन् चिसोले होइन। मधेश पछाडि पर्नुमा राज्य जति दोषी छन् त्यो भन्दा कम त्यहाँका मधेशी नेता होइन। **सुरेश कुमार यादव**


मधेशका प्रदेशसभा सदस्यहरूको सपथग्रहण मधेशी जनतालाई संघीयताको स्वाद महसुश हुनेगरी मधेशकै कुनै ठाउँमा गराऊ। जनकपुरको बाह्र बिघामा गराऊ, विरगन्जको घण्टाघरमा गराउ या त लहानको रमेशचोकमा गराउ नभए मधेशको अन्य कुनै गाउँमा गराउ तर काठमाण्डौमा नगराउ। सातवटै प्रदेशको सपथग्रहण काठमाण्डौमा गराउनु हास्यांस्पद हो। **अजय झा**


मधेशमा माइती ठाउँको नामले (बस्मतीयावाली, बारमझियावाली) चिनिन्छन् महिला, पहाडमा सुब्बाको आमा, बिनाको आमा, मीनाको आमा (जेठो छोराछोरीको नामले) अर्को परिचय भनेको फलानाको श्रीमती या बुहारी। उनको आफ्नै नाम र पहिचान बिहे पछि त्यसै बिलाउने। चाहानाहरू पनि त्यसैगरी मर्दा हुन्। **दिपक रौनियार**


तराईमा बाढी आउँदा सबै राजनीतिक दलबिच पिडितलाई माया बाँड्ने प्रतिस्पर्धा चलेको थियो। तर, अहिले शितलहरमा पिडितहरूलाई खासै वास्ता गरिएको देखिँदैन। अस्तिसम्म मतदाता थिए अब जनता भए। त्यसैले होला। **मनिष झा**

## समृद्ध मधेश...

पर्यटकीय स्थानहरूको अन्तर्राष्ट्रिय समुदायमा चर्चा परिचर्चा बढ्दै जान्छ।। जनकपुर, लुम्बिनी, सिम्रौनगढ जस्ता महत्वपूर्ण पर्यटकीय तथा धार्मिक स्थलहरू प्रदेश नम्बर दुईमा रहेका छन्।

जानकी मन्दिरसहितको बृहत्तर जनकपुर क्षेत्र, बाराको गढीमाई मन्दिर, पर्सा वन्यजन्तु आरक्ष, सिम्रौनगढ, जलेश्वर महादेव मन्दिर, वीरगन्जको गहवा, विन्दवासिनी, रौतहटको नुनथर, सर्लाहीको नुगिताललगायत क्षेत्रहरूलाई व्यवस्थित गरेर मधेशमा पर्यटनको सम्भावना विकास गर्न सकिन्छ।

सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय व्यापारिक नाका पनि प्रदेश नम्बर दुईमा नै रहेको छ। मुलुकको कुल वैदेशिक व्यापारको झन्डै ६० प्रतिशत कारोबार र औद्योगिक लगानीको ७० प्रतिशत हिस्सा वीरगन्जले नै ओगटेको छ। यो नाकाले मुलुकको कुल राजस्वमा ५४ प्रतिशत योगदान दिँदै आएको छ। सम्भावनाहरूलाई पहिचान गर्दै अगाडि बढ्ने हो भने प्रदेश नम्बर २ अन्य प्रदेशभन्दा कमजोर छैन्।

**चुनौती**

विविध सम्भावना भएर पनि प्रदेश नम्बर २ अहिलेको अवस्थामा अन्य प्रदेशभन्दा पछाडि पर्दै आएको छ। राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको तथ्याङ्कमा यो प्रदेशमा जनसंख्याको झन्डै आधा अर्थात ४८ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन्। चुरे दोहनको कारण तराई-मधेशको उत्पादकत्व घट्दै जानु र कृषिमा आधुनिकीकरण हुन नसक्नु गरिबीको मुख्य कारण हो। दाईजो प्रथा व्याप्त हुनु, उद्योगधन्दाहरू बन्द हुनु, बेरोजगारीको समस्या बढ्दै जानु, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत विकासका पूर्वाधारहरूमा एकदमै पछाडि पर्नु, सुगम भएर पनि सडकको अवस्था जीर्ण हुनु, भारतसँगको खुल्ला सिमाका कारण लागुऔषधको कारोबार बढ्दै जानु जस्ता विविध कारणले गर्दा पनि दुई नम्बर प्रदेशलाई नमुना प्रदेश बनाउन चुनौतीपूर्ण देखिन्छ। शिक्षामा कमजोर देखिएको यो प्रदेशमा प्राविधिक विश्वविद्यालय खोलिनुपर्छ, उद्योग धन्दाका लागि आवश्यक जनशक्ति उत्पादनलाई प्राथमिकता दिनुपर्छ। राजनीतिक दलहरूले विकासको मुद्दालाई पछाडि पार्दै राजनीतिक मुद्दा मात्र अगाडि बढाएको हुनाले पनि २०६२/६३ सालदेखि सुरू भएको मधेश आन्दोलनले मधेशको विकासमा खासै भूमिका खेल्न सकेन।

प्रदेशले जे प्राप्त गरेको छ र जे जस्ता स्रोत, साधनहरू उपलब्ध छन्, त्यसैका आधारमा समग्र विकासमा ध्यान दिनु अबको आवश्यकता हो। पहिचान र अधिकारको मागसँगै चेतना, शिक्षा, स्वास्थ्य, पूर्वाधार, मानव सूचकांक, सार्वजनिक प्रशासन, सुशासन, जवाफदेहिता, रोजगारीको सिर्जना लगायतका विषयमा गम्भीर हुन जरूरी छ। प्रदेशको समग्र विकासको लागि सबै तहतप्काबाट साझा संकल्प र गुरूयोजनाका आधारमा अघि बढ्न ढिलाइ गर्नु हुँदैन। प्रदेश नम्बर दुईको विकासमा अब बन्ने स्थानीय सरकारदेखि केन्द्रबाट पनि पहल हुन जरूरी देखिन्छ। प्रदेश नम्बर २ लाई अवसरको रूपमा प्रयोग गर्न सकेमा प्रशस्त सम्भावना रहेको छ भने राजनीतिक नेतृत्वले सही नीति ल्याउन नसकेको खण्डमा अहिलेभन्दा कमजोर अवस्थामा पुग्न सक्छ प्रदेश नम्बर २।

**अबको बाटो**

नेपाललाई अतिकम विकसित मुलुकबाट सन् २०२२ सम्म विकासशील मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य सरकारको छ। तर, झण्डै एक चौथाइ जनता गरीबीको रेखामुनि रहेको, पूर्वाधार विकास न्यून रहेको, मुलुकको कुल गार्हस्थ्य उत्पादनको आकार सानो रहेको र त्यसमा पनि आर्थिक वृद्धि दर अत्यन्त कमजोर रहेको अवस्थामा सरकारको लक्ष्य अत्यन्त महत्वाकांक्षी भन्ने धेरैको बुझाइ छ। उक्त लक्ष्य पूरा गर्न भए पनि २ नं. प्रदेशको आर्थिक विकास र समृद्धि आवश्यक छ। यसका लागि सम्बन्धित सबै पक्षबीच उच्चस्तरको समन्वय, सहकार्य र एकता हुनै पर्छ। यस कार्यमा मुख्यतया राजनीतिक दल र तिनका शीर्षस्थ नेताहरू जिम्मेवार बन्नुपर्छ। स्थायी सरकार मानिने कर्मचारी प्रशासनले पनि मुलुकको दिगो विकास र समृद्धिका लागि ठोस कार्ययोजना र कार्यक्रम बनाई, त्यसको प्रभावकारी कार्यान्वयन गर्न सक्नुपर्छ। यसका लागि राजनीतिक स्थायित्व र सरकारले स्पष्ट आर्थिक दृष्टिकोण अगाडि ल्याउनु आवश्यक छ।

*sangitaregmi1@gmail.com*

# भारतीय दूतावासले मनायो विश्व हिन्दी दिवस

काठमाडौं। भारतीय राजदूतावास काठमाडौंले विश्व हिन्दू दिवस मनाएको छ। दूतावासले त्रिभुवन विश्वविद्यालयको हिन्दी विभागसँग मिलेर बुधबार होटल अन्नपूर्णामा विश्व हिन्दी दिवस समारोहको आयोजना गरेको थियो। सो समारोहमा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जितेन्द्रनारायण देवले मुख्य अतिथिको रूपमा उपस्थित भएका थिए। नेपालका लागि भारतीय राजदूत मंजीव सिंह पुरीले विश्व हिन्दी दिवसको अवसरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश पढेर सुनाएका थिए। मन्त्री देवले भारत र नेपालको सांस्कृतिक सम्बन्धलाई बलियो बनाउन हिन्दीको भूमिकामाथि जोड दिएका थिए। उनले भने, 'हिन्दी भारत र नेपाललाई एकआपस जोड्ने काम गरेको छ।' सो अवसरमा राजदूत पुरीले भारतीय संस्कृतिको संरक्षणमा हिन्दीको भूमिका र विभिन्न क्षेत्र तथा समाजलाई जोड्नमा यसको महत्वबारे प्रकाश पारेका थिए। उनले हिन्दी दुवै देशका मानिसकलाई जोड्ने एउटा कडी रहेको जिकिर गरे। सो अवसरमा भारतीय सांस्कृतिक केन्द्र काठमाडौंका कलाकारहरूले सांस्कृतिक प्रस्तुतिबाट दर्शकहरूलाई मंत्रमुग्ध गरेका थिए। समारोहका दौरान हिन्दी दिवसको सो अवसरलाई रेखांकित गर्नका लागि तीन कविता संग्रह र हिन्दी पत्रिकाको विशेषांकको लोकार्पण गरिएको थियो। समारोहको अन्त्यमा एक कवि सम्मेलनको आयोजना



गरिएको थियो जसमा लगभग २० कविहरूले आफ्ना रचना प्रस्तुत गरेका थिए। सो कार्यक्रममा अलग-अलग क्षेत्रका लगभग दुई सय व्यक्तिहरूले भाग लिएका थिए जसमा हिन्दीका लेखक, कवि, पत्रकार र राजदूतावासका अधिकारी सहभागी भएको दूतावासका द्वितीय सचिव ज्ञानवीरसिंहले जनाएका छन्।

## दिल्लीमा इपीजी बैठक

काठमाडौं। नेपाल भारत प्रबुद्ध समूहको संयुक्त बैठक भारतको राजधानी नयाँ दिल्लीमा सुरू भएको छ। दिल्लीको इन्स्टिच्युट फर डिफेन्स एण्ड एनालाइसिस (आइडीएसए) भवनमा दुई दिने बैठक बिहीबारदेखि सुरू भएको हो। नेपालमा नयाँ राजनीतिक परिवर्तनपछि बसेको इपिजीको यो पहिलो बैठक हो। बैठकको पहिलो दिन पाँचौ बैठकसम्म छलफल भएका विषयहरूको समीक्षा र दोश्रो दिन छलफल गरिने एजेण्डा तय छ। नेपाली पक्षका संयोजक डा. भेषबहादुर थापाले नेपालको बृहत्तर हितलाई ध्यानमा राखेर दुई मुलुकबीचको सम्बन्धलाई मजबुत बनाउने गरी छलफल अघि बढाउन समूह तयार रहेको बताए। प्रधानमन्त्री शेरबहादुर देउवाले प्रबुद्ध समूहलाई बैठकमा सहभागी हुन आउनु अघि सोही अनुरूप निर्देशन दिएका थिए। बैठकमा सन् १९५० को शान्ति तथा मैत्री सन्धिको विषयमा आएका राय र चासो लगायत सीमा, डुबान, व्यापार सम्झौतालगायत विषयमा थप छलफल हुने छ। दोश्रो दिन शुक्रबार भारतका तर्फबाट प्राध्यापक महेन्द्र पी. लामाले नेपालमा भारतीय सहायताका बारेमा प्रस्तुति दिने छन्।

# 'काशीदेवी' को प्रदर्शन




काठमाडौं। नेपाली गणतान्त्रिक आन्दोलनका प्रथम शहीद दुर्गानन्द झाको अवदान तथा सम्मानमा समर्पित रही मैथिली नाटक 'काशीदेवी' बिहीबारदेखि माठमाडौंमा प्रदर्शन सुरू भएको छ। नेपालका प्रथम गणतान्त्रिक शहीद झाले वि.सं. २०१८ सालमा जनकपुरधामस्थित जानकी मन्दिर परिसरमा तत्कालीन राजा महेन्द्रमाथि बम प्रहार गरेका थिए। त्यसपछि उनलाई मृत्युदण्डको फैसला सुनाइएको थियो। कालिकास्थानस्थित सर्वनाम थिएटरमा माघ ६ गतेसम्म चल्ने सो मैथिली नाटक प्रत्येक दिन साँझ ५ बजेदेखि सुरू हुने र विदाका दिन दिउँसो एक बजे पनि प्रदर्शन हुने आयोजकले जनाएको छ। नाटकको लेखक निराजन झा तथा निर्देशक सरिता साह रहेका छन्।

## अधिकारकर्मी सम्मानित



काठमाडौं। सप्तरीका मानवअधिकारर्मी युवा प्रकाशमणि राउत भारतमा सम्मानित भएका छन्। सप्तरीको महदेवा-९ निवासी राउतलाई नेशनल एन्टी क्राइम्स एन्ड ह्युम्यान राइट्स काउन्सिल अफ इन्डियाले ह्युम्यान राइट्स अवार्डले सम्मान गरेको हो। राउतलाई एक तोला सुन, दुई हजार भारतीय रूपैयाँ र चाँदीको प्लेटसहित राउतलाई सम्मान गरिएको हो। राउत पिछडावर्ग विद्यार्थी महासंघका केन्द्रीय अध्यक्षसमेत हुन्।






## मिथिला दर्शन टी.भी.
## कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल** : ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं